अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : २९ / २०८२ फागुन १ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Feb. 13, 2026 / मूल्य रू. १०/-

सत्ता स्वार्थका लागि प्रियतावाद नै हावी

काठमाडौ । भाद्र २३ गते जेननजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्य पछि गठन भएको सुशिला कार्की नेतृत्वको सरकारले घोषणा गरेनुसार यहि फागुन २१ गते ससदको निर्वाचन हुनुपर्ने हुन्छ । निर्वाचनका लागि निर्वाचन आयोगले सम्पूर्ण तयारी गरिसकेको जनाएको भएपनि जनतामा के अहिलेको निर्वाचनले मुलुकका समस्या समाधान गर्न सक्षम होला भन्ने प्रश्न समेत उठेको छ ।

निर्वाचन भनको मुलुकमा सस्याहरु साधान गर्नका लागि हुनुपर्दछ । तर पछिल्लो समयमा मुलुकका समस्या होइन कुनै अमूक व्यक्तिलाई देवत्वकरण गरेर उनैलाई प्रधानमन्त्री बनाउनका लागि मात्र निर्वाचन गराउन लागिएको हो कि जस्तो देखिएको छ ।

अहिले पुराना र नयाँ भनिएका दलहरुबीचमा गाली गलौज र

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

यो निर्वाचनमा व्यक्तिलाई देवत्वकरण मात्र गरियो

काठमाडौ । फागुन २१ गते हुने भनिएको संसदको निर्वाचन आउन अब २० दिन मात्र बाँकी रहेको छ । राजनीतिक दलहरु सक्रिय हुन थालेको भएपनि आजसम्म कुनैपनि राजनीतिक दलहरुले आफ्ना नीति र कार्यक्रम सार्वजनिक गर्न सकेका छैनन् । नयाँ भनिएका राजनीतिक दलहरुले प्रियतावादलाई नै प्राथमिकतामा राखेर अगाडि बढ्ने प्रयास गरिरहेका छन् । प्रियतावाद शब्द र व्यवहार आफैंमा घातक सावित हुन सक्छ । एउटा व्यक्तिलाई देवत्वकरण गरेर हुन लागेको निर्वाचनले अहिलेको समस्याहरु समाधान गर्न कसरी सक्छ भन्ने प्रश्न समेत उठेको छ ।

नयाँ मध्येको २०७९ मा गठन भएको रास्वपा अहिले गाली गलौजा र पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र तिनका शिर्ष नेताहरुमाथि

>>> बाँकी ८ पेजमा

त्रिभुवन विमानस्थलको हाताभित्र निषेधाज्ञा जारी

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाह झापाबाट फर्किंदा विमानस्थलमा स्वागत गर्ने राजावादीहरुको तयारीमा प्रशासनले रोक लगाएको छ । निर्वाचन आचारसंहिता लागू रहेकाले यसप्रकारको कुनै पनि कार्यक्रम गर्न नपाइने भन्दै जिप्रका काठमाडौले रोक लगाएको छ ।

हिजो एक सूचना जारी गर्दै प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले विमानस्थल र आसपासमा प्रदर्शन र र्यालीजस्ता गतिविधि गर्ने भनि सामामाजिक सञ्जालमा आएका विषयवस्तुहरुप्रति ध्यानाकर्षण भएको बताएका छन् । यसप्रकारका गतिविधि गर्नका लागि जिप्रकामा अहिलेसम्म कसैले पनि जानकारी नगराएको र पूर्वस्वीकृति

>>> बाँकी ८ पेजमा

बालेन र रविलाई एकै ठाउँमा पुऱ्याउने शक्ति को ?

त्यही शक्तिले बालेनलाई झापा ५ मा पुऱ्यायो

देवेन्द्र चुडाल

काठमाडौ । निर्वाचनको मिति आउन करिब २० दिनमात्र बाँकी रहेको बेला राजनीतिक दलहरुले प्रधानमन्त्रीको भावि उम्मेदवार भन्दै केही व्यक्तिहरुलाई अघि सारेर चुनावी अभियान तिव्र पारेका भएपनि जनता भने राजनीतिक दलहरुको घोषणापत्र खोई भन्दै प्रश्न गरिरहेका छन् । तर नेकपा बाहेक कुनै पनि राजनीतिक दलहरुले आजसम्म घोषणापत्र सार्वजनिक गरेका छैनन् ।

घोषणापत्र जारी नगरेका राजनीतिक दलहरुका उम्मेदवारहरुले मतदातालाई लोभ्याउनका लागि बाचाका प्याकेजहरु अघि सारेका छन् । घोषणापत्र जारी गर्ने काम राजनीतिक दलहरुको हो उनीहरुले उम्मेदवार बनाएका व्यक्तिहरु राजनीतिक दलका उम्मेदवार भएकाले गर्दा व्यक्तिले गरेका बाचाहरुको कुनै महत्व हुँदैन । प्रधानमन्त्री बाउने काम संसदको हो । संसदमा बहुमत ल्याउने दलले पहिला

आफ्नो दलको संसदीय नेता चुन्नुपर्ने हुन्छ ।

त्यसछि मात्र प्रधानमन्त्रीको उम्मेदवार बनाइने लोकतान्त्रिक अभ्यास रहेको पाइन्छ । विश्वका केही देशहरुमा निर्वाचन अघि नै जनतासामू आफ्नो दलले बहुमत ल्याएको खण्डमा फलानो व्यक्ति हाम्रो दलको नेतालाई प्रधानमन्त्री बनाइनेछ भनेर प्रचार प्रसार गर्ने गरेको अभ्यास रहेको पाइन्छ । त्यही कारणले गर्दा नेपालमा पनि निर्वाचनकै बेला भावि प्रधानमन्त्रीको उम्मेदवार भनेर घोषणा गरिएको छ ।

नेपालमा विगत देखि नै राजनीतिक व्यवस्था निकै जटिल मोडमा पुग्दै आएको छ । कुनै पनि राजनीतिक दलले सरकार निर्माण गर्न एक्लै बहुमत ल्याउन नसकेको हुनाले संयुक्त सरकार बनाउनुपर्ने बाध्यता रहेकाले अहिले नै प्रधानमन्त्रीको भावी उम्मेदवार भनि घोषणा गरिएका व्यक्तिहरु प्रधानमन्त्री बन्न सक्ने सम्भावना देखिँदैन ।

हाम्रो संविधान अनुसार प्रतिनिधिसभामा प्रत्यक्ष तर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० सांसद को व्यवस्था गरिएको

>>> बाँकी ८ पेजमा

प्रियतावाद घुम्टो ओडेर अवसर छोप्ने को हुन ?

काठमाडौ । यहि फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनका लागि ६४ वटा राजनीतिक दलहरुले भाग लिने निश्चित जस्तै भएपनि ८/१० वट दल बाहेक अन्यले संसदमा उपस्थिति जनाउन सक्ने अवस्था अहिलेसम्म देखिएको छ । भाद्र २३ गते जेनजीहरुले गरेको विरोध प्रदर्शन र त्यही विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरुले समेत आ आफ्ना उम्मेदवारलाई प्रतिस्पर्धामा पठाएका छन् ।

पुरानो भनिएका नेपाली कांग्रेस आफैंभित्र असन्तुष्टि बढ्दै गएको र तत्कालिन महामन्त्रीद्वय गगन थापा र विश्व प्रकाश शर्माले विशेष महाधिवेशनबाट कांग्रेसको नेतृत्व आफ्नो हातमा लिएका र तत्कालिन संस्थापन पक्षलाई पाखा लगाएको हुनाले यस पटकको निर्वाचनमा कांग्रेसका धेरे वरिष्ठ नेताहरुलाई उम्मेदवार नबनाइएको हुनाले कांग्रेसभित्र घात अन्तरघात हुने निश्चित जस्तै देखिएको छ । तत्कालिन सभापति शेरबहादुर देउवा, उपसभापति पूर्ण बहादुर खड्का, शशांक कोइराला लगायत धेरै नेताहरु यस पटक निर्वाचनमा उम्मेदवार बन्न चाहेका भएपनि उनीहरुलाई विशेष महाधविशेनबाट सभापति बनेका गगन थापाले टिकट दिएनन् । त्यही कारणले गर्दा उनीहरु उम्मेदवार बन्न पाएनन् ।

विघठित संसदमा कांग्रेस सबै भन्दा ठुलो

>>> बाँकी ८ पेजमा

ओलीको राष्ट्रवाद रास्वपालाई नपच्ने

काठमाडौ । परिवर्तनका मुद्दालाई संस्थागत गर्ने एउटा माध्यम निर्वाचन नै हो तर पछिल्लो समयमा देखिएको राजनीतिक दलहरुको चरित्र हेर्दा यस पटकको निर्वाचनले पनि सकारात्मक परिणाम दिन सक्ने सम्भावना न्यून देखिएको छ । के यो निर्वाचन जेननजी आन्दोलन पछिको संक्रमणकाल पार लगाउन र त्यसबेला उठेका परिवर्तनका मुद्दाहरु संस्थागत गर्न सफल होला त ?

अहिले प्रारम्भिक चुनावी दृष्य हेर्दा सुखद परिणाम देखिँदैन । यस पटकको चुनावी प्रतिस्पर्धा मुख्य मैदान सडक घरदैला अथवा मास मिटिङहरु भन्दा बढी प्रविधिमार्फत हुने देखिएको छ । तथ्य, सत्य र झुठा सूचनाबीचको महासंग्राम हुँदैछ यो चुनाव । केही गर्छु भन्नेहरु हुटहुटी र भिजन भएकाहरु



र अनि प्रियतावादको घुम्टो ओडेर अवसर छोप्नेहरु समेत निर्वाचनमा कस्सिएका छन् । तिनीहरुबीचमै यो पटकको निर्वाचन हुने भएको छ । त्यस कारणले गर्दा एउटा सामान्य मतदातालाई सही र गलत छुट्याउन नसक्ने अवस्था देखिएको छ ।

एकातिर पुराना भनिएका राजनीतिक दलहरु केही सुधारिएर आएका छन् भने केहीले जनतामा आशा समेत जगाएका छन् । मुलुक अप्ठ्यारो अवस्थामा पर्दा र राष्ट्र, राष्ट्रियता र विदेशीहरुको दबदवालाई निस्तेज पार्ने कार्यमा सक्रिय भएका व्यक्तिहरुलाई जसरी पनि निर्वाचनमा पराजित गर्नुपर्ने भन्दै उनीहरुमाथि गालीको वर्षा बर्साउनेहरु समेत अहिले राजनीतिको नाममा जनतामा भाँडभैलो

>>> बाँकी ८ पेजमा

२०७९ मा एमालेको घोषणापत्र नेकपाले कपीपेष्ट गरेर सार्वजनिक गऱ्यो

काठमाडौ । यहि फागुन २१ गते हुने प्रतिनिधिभाको निर्वाचनका लागि नेपाली कम्युनिष्ट पार्टीले आफ्नो चुनावी घोषणपत्र गत मंगलबार २७ गते सार्वजनिक गरेको छ । नेपाली कम्युनिष्ट पार्टीले ल्याएको घोषणा पत्र महत्वकांक्षी मात्र नभएर कतिपय विषयहरु पुरा गर्ने नसकिने खालका रहेका छन् । २०७९ को निर्वाचनमा नेकपा एमालेले सार्वजनिक गरेको घोषणापत्रमा उल्लेख गरिएको धेरै विषयहरुलाई नेकपाले आफ्नो घोषणापत्रमा राखेको छ ।

त्यसबेला नेकपा एमालेले आफ्नो घोषणात्रमा उल्लेख गरेका विषयहरुलाई पुरा गर्नै नसकिने भन्दे नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले नै आलोचना गरेका थिए तर अहिले तिनै दाहालले नेकपा एमालेले त्यसबेला सार्वजनिक गरेका धेरै विषयहरु कपीपेष्ट गरेर आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेका छन् ।

विगतमा नेकपा एमालेले चीनबाट रेलमार्ग जोड्ने योजना घोषणापत्रमा राखेको थियो भने उसले केरूङ काठमाडौ-पोखरा र काठमाडौ लुम्बिनी रेलमार्गले जोड्ने उल्लेख गरेकोमा अहिले नेकपाले ल्याएको घोषणपत्रमा सो विषय उल्लेख गरिएको छ । त्यसैगरी पूर्व पश्चिम रेलमार्ग र काठमाडौ मेट्रोरेल र मोनेरेल निर्माण प्रक्रिया अघि बढाउने उल्लेख गरिएको छ ।

यी दुवै योजना नेकपा एमालेले २०७९ को निर्वाचनमै ल्याएको थियो । त्यसबेला पुष्पकमल दाहालले ती योजनाले खिल्ली उडाएका थिए तर अहिले उनी आफैंले तिनी योजनालाई आफ्नो पार्टीको घोषणापत्रमा उल्लेख गरेका छन् ।

घोषणापत्रमा शासकीय सुधार गर्ने शक्ति सन्तुलन हुने गरी शासकीय स्वरूप परिमार्जन गर्ने भनिएको छ । दाहालले पहिला देखि नै कार्यकारी राष्ट्रपति हुनुपर्ने भन्दै आएको थिए । त्यसैगरी संविधान संशोधन गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ तर संविधान संशोधन गर्न संसदमा दुई तिहाई मतको आवश्यकता पर्दछ । प्रतिनिधिसभा र राष्ट्रिय सभामा अहिलेको अवस्थामा कुनै पनि दलले

>>> बाँकी ८ पेजमा

संयुक्त राष्ट्रसंघमा आर्थिक संकट : महासचिव

काठमाडौ । संयुक्त राष्ट्रसंघले अमेरिकाबाट अपेक्षित रकम नआउँदा आर्थिक संकटको सामना गरिरहेको छ ।

महासचिव एन्टोनियो गुटेरेसले सबै सदस्य राष्ट्रले समयमै शुल्क तिर्न नसकेमा तथा सङ्गठनका वित्तीय नियमहरु सुधार नभएमा संयुक्त राष्ट्रसंघ गम्भीर आर्थिक संकटमा पर्न सक्ने चेतावनी दिएका छन् ।

संयुक्त राष्ट्रसंघका अधिकारीहरुका अनुसार, अमेरिकाले नियमित सञ्चालन बजेटका लागि करिब दुई अर्ब डलर तिर्न बाँकी छ, जसमा यस वर्षको लागि सात करोड ६७ लाख डलर पनि समावेश छ । साथै, शान्ति स्थापना कार्यका लागि छुट्टै बजेटमा पनि ठूलो रकम बाँकी छ ।

अमेरिकी प्रतिनिधित्वको अनुसार आगामी केही हप्ताभित्र अमेरिकी प्रशासनले आफ्नो

>>> बाँकी ८ पेजमा

Pakistan: Where Politics and Economics Collide?

Azhar Dogar

American economist Thomas Sowell wrote that "the first lesson of economics is scarcity. There is never enough of anything to satisfy all those who want it. The first lesson of politics is to disregard the first lesson of economics".

In public debate, politics and economics are often treated as distinct spheres, politicians handle governance while economists tackle markets and fiscal matters. Yet in reality, the two are inseparably intertwined. Politics shapes economic outcomes, and economic conditions transform political landscapes. Their relationship is sometimes cyclical, reinforcing, and at times destabilizing for countries. Understanding this interdependence is indispensable for any society seeking stability, prosperity, and democratic resilience.

At its core, economics concerns the allocation of resources, while politics determines who has the authority to allocate them. Political structures that include constitutions, legal systems, electoral rules, and state institutions form the scaffolding upon which an economy operates. They establish the rules of property, contract, taxation, competition, trade, and labour. They define the incentives for investment and innovation, and set boundaries for market conduct.

Consider one of the most basic economic indicators, investor confidence. It rises and falls not only with corporate earnings or macroeconomic data but with political predictability. Stable democracies with transparent and accountable institutions tend to attract capital whereas fragile states or authoritarian regimes that govern by decree often repel it. Political risk becomes an economic variable. When a government suddenly nationalizes assets, reverses tax policy overnight, or weakens judicial independence, it sends shockwaves through markets.

Politics and economics are not merely adjacent fields, they are mutually constitutive forces shaping the trajectory of societies. Politics sets the rules of the game, and economics determines the stakes. Economic conditions can uphold or upend political orders, while political choices can nurture or stifle economic growth. In Pakistan, politics and economics are not separate spheres, they are mutually constitutive forces, each continuously shaping and reshaping the other. Political decisions influence economic outcomes, while economic realities, in turn, constrain or empower political action

Regulation is another crucial intersection. Environmental laws, labour protections, antitrust measures, and financial oversight all originate in political processes. These decisions are not merely technical, they reflect values about fairness, sustainability, and social welfare. When politicians champion deregulation, they influence corporate behaviour and market concentration. When they expand social safety nets, they shape consumer demand and labour market participation. Policies surrounding education, healthcare, infrastructure, and technology not only support social development but also determine long term economic competitiveness.

Moreover, fiscal and monetary policies though often presented as neutral or technocratic are inherently political. Governments choose which sectors to subsidize, which industries to tax, and how to finance spending. Central banks, even when independent, are creatures of political design. Their mandates, leadership selection, and legitimacy are shaped within political negotiation. Politics can expand or restrain the money supply, determine interest rates indirectly, and control the levers of inflation.

Different political ideologies promote different economic systems. Social democracies emphasize redistribution, public goods, and worker protections. Classical liberalism propagates market freedom and limited government intervention. Nationalist or populist governments may adopt protectionist trade policies and state led industrial strategies. This ideological orientation is not abstract, it produces materially different outcomes in inequality levels, market structure, social mobility, and growth pattern.

Even international trade agreements which are often viewed through purely economic lenses can be profoundly political. They involve negotiations about sovereignty, labour rights, environmental standards, and strategic alliances. Decisions about tariffs, intellectual property, and cross border investment can reshape entire industries. Political shifts in one country can alter global supply chains, as seen in debates over decoupling, reshoring, and the future of globalization.

Just as political structures guide economic behaviour, economic conditions fundamentally mould political dynamics. Prosperity or stagnation, inequality or broadly shared growth each creates distinct pressures on political institutions. Periods of economic expansion often stabilize political systems. When employment is high and incomes are rising, voters tend to reward incumbents and trust in institutions. Economic success acts as a validation of governing models. The post war boom in Western democracies, for instance, underpinned decades of political stability and the expansion of welfare states.

But when economic conditions deteriorate, political landscapes can change dramatically. Economic crises undermine public faith in established political parties and technocratic expertise. High unemployment or inflation breeds frustration and fuels narratives of elite failure. Populist movements often arise from such conditions, promising to represent "the people" against economic injustice or external threats. The global financial crisis of 2008 triggered waves of political upheaval including austerity protests, the rise of anti-establishment parties, and a questioning of globalization itself.

Inequality is perhaps the most potent economic force shaping politics today. As wealth concentrates, political power follows. Campaign financing, lobbying, and media influence become tools for protecting economic privilege, often entrenching a cycle where economic disparities translate into political inequalities and vice versa. Public resentment grows when economic mobility stagnates, fuelling support for radical changes that are sometimes constructive, sometimes disruptive.

Demographics also matter. Ageing populations, shrinking workforces, and social welfare burdens influence political debates on taxes, immigration, pensions, and public spending. Economically informed anxieties about job security or automation drive political rhetoric and policy responses.

Recognizing the interdependence of politics and economics is not simply an academic exercise, it is a prerequisite for sound governance. Too often, economic policy is framed as technocratic and insulated from the messy world of politics. But decisions about budget priorities or industrial strategy are ultimately political choices reflecting societal values. Conversely, democratic debate that ignores economic reality risks creating expectations no policy can fulfil.

A more integrated approach requires transparency, robust public institutions, and a political culture that respects evidence while acknowledging competing values. Policymakers must be honest about trade-offs, and economists must be more attuned to political feasibility. Citizens, too, must understand that economic grievances do not automatically justify political extremes, nor can political aspirations be realized without acknowledging economic constraints.

Politics and economics in Pakistan are not merely connected; they are inseparable forces that constantly shape, distort, and undermine each other. The country's economic instability cannot

be understood without examining its political structures, which for decades have remained fragile, personalized, and resistant to reform.

At the heart of Pakistan's economic challenges lies a cyclical political pattern, weak civilian governments, periods of direct or indirect military influence, and a governance culture built around patronage rather than policy. Instead of functioning as institutions that produce long term economic planning, political parties often operate as electoral machines dependent on loyalty networks. As a result, economic decisions are frequently made for short term political gain, subsidies before elections, unsustainable borrowing to maintain artificial stability, and appointments based on allegiance rather than expertise. Military governments have been no different. This structural flaw creates a chronic policy inconsistency that scares off investors, both domestic and foreign. Every change in government brings changes in tax regimes, trade policies, and development priorities. No economy can grow when its direction shifts every few years based on political expediency rather than national interest.

Moreover, the politicization of state institutions from regulatory bodies to public enterprises erodes efficiency and accountability. When positions in power companies, revenue boards, or development authorities are filled through patronage, mismanagement becomes inevitable, and corruption thrives. The economic cost of this institutional decay is staggering, energy circular debt, tax evasion, capital flight, and an ever expanding informal economy that the state can neither regulate nor benefit from.

Pakistan's political instability also carries a security dimension, and markets respond immediately to tensions between constitutional authorities, protests, or delayed elections. Stability is not merely a political issue, it is an economic necessity. If Pakistan is to break this vicious cycle, it must strengthen institutional autonomy, reform all state institutions, and shift from personality driven politics to policy driven governance. Without restructuring the political foundation, even the best economic reforms will remain temporary patches on a deeply flawed system.

In an era of rapid technological change, rising inequality, and geopolitical uncertainty, the need for a holistic understanding of this relationship has never been greater. It is time to stop treating politics and economics as separate silos and recognize their deep, inevitable interdependence. Only then can nations craft policies that are both economically sound and democratically legitimate, ensuring stability and prosperity for generations to come.

Politics and economics are not merely adjacent fields, they are mutually constitutive forces shaping the trajectory of societies. Politics sets the rules of the game, and economics determines the stakes. Economic conditions can uphold or upend political orders, while political choices can nurture or stifle economic growth. In Pakistan, politics and economics are not separate spheres, they are mutually constitutive forces, each continuously shaping and reshaping the other. Political decisions influence economic outcomes, while economic realities, in turn, constrain or empower political action.

सुरक्षित इन्टरनेट दिवस २०८२ : एनसेल फाउन्डेसनद्वारा 'सेफर इन्टरनेट टुगेदर' कार्यक्रम सुरु

काठमाडौं । सुरक्षित इन्टरनेट दिवस २०८२ को अवसरमा मंगलबार एनसेल फाउन्डेसन र नासा सेक्युरिटिजले देशव्यापी रूपमा 'सेफर इन्टरनेट टुगेदर (एसआइटी)' कार्यक्रम आरम्भ गरेको घोषणा गरेका छन् । यो सामाजिक अभियानले देशभरका विद्यालयहरूमा पुगेर साइबर सुरक्षा, डेटा गोपनीयता तथा डिजिटल सुरक्षाका विविध पक्षहरूबारे विद्यार्थीहरूलाई ज्ञान प्रदान गर्ने लक्ष्य राखेको छ जसबाट ५० हजारभन्दा बढी विद्यार्थी, शिक्षक तथा समुदाय सदस्यहरु लाभान्वित हुने अपेक्षा गरिएको छ ।

हाल नमुना परियोजनाका रूपमा अधि सारिएको यो कार्यक्रमअन्तर्गत बागमती, गण्डकी र मधेश प्रदेशका सरकारी, सामुदायिक तथा निजी विद्यालयहरूमा कक्षा तीनदेखि १२ सम्मका विद्यार्थलाई लक्षित गरी साइबर सचेतना सत्रहरु सञ्चालन गरिनेछ ।

कार्यक्रमअन्तर्गत इन्टरनेट सुरक्षासम्बन्धी हातेपुस्तक पनि तयार पारिएको छ । ती पुस्तक कार्यक्रम सत्रपश्चात् सम्बन्धित विद्यालयका सहभागी छात्रछात्रालाई वितरण गरिनेछ । पहिलो चरणमा तीन प्रदेशमा सफल कार्यान्वयनपश्चात् यो अभियान आगामी आर्थिक वर्षमा अन्य प्रदेशमा पनि सञ्चालन गरिने योजना रहेको छ । यो वर्षको सुरक्षित इन्टरनेट दिवसको नारा 'स्मार्ट टेक, सेफ चोइसेस् : एक्सप्लोरिङ द सेफ एन्ड रेस्पोन्सिबल युज अफ एआई' रहेको छ ।

नेपालमा एनसेल र नासा सेक्युरिटिजले संयुक्त रूपमा सुरू गरेको कार्यक्रमको औपचारिक घोषणा पोखरास्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयमा मंगलबार आयोजित एसआइटी सत्रका क्रममा गरिएको थियो ।

कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले सम्बोधन गर्दै डिजिटल सुरक्षा तथा आजको डिजिटल युगमा कृत्रिम बौद्धिकताको जिम्मेवार प्रयोगबारे आफ्ना बुझाइहरु विद्यार्थीहरूसमक्ष साझा गरेका थिए । एसआइटी कार्यक्रम नेपालमा सुरक्षित अनि समावेशी डिजिटल इकोसिस्टम प्रवर्द्धन गर्ने एनसेल फाउन्डेसनको प्रतिबद्धतासँग जोडिएको छ ।

'म एक बाबु पनि हुँ, त्यसैले अभिभावकको रूपमा व्यक्तिगत डाटाको सुरक्षा मेरो लागि अत्यन्त महत्त्वपूर्ण विषय हो । आजको समयमा इन्टरनेटले हाम्रो दैनिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छ । प्रविधि हाम्रो जीवनको अभिन्न हिस्सा बन्दै जाँदा यससँग सम्बन्धित जोखिमहरु बुझ्नु र त्यसका लागि तयार रहनु झन् आवश्यक भएको छ । एसआइटी कार्यक्रममार्फत हामीले विद्यार्थी तथा युवाहरूलाई डिजिटल संसारमा सुरक्षित, जिम्मेवार र आत्मविश्वासका साथ रहन आवश्यक ज्ञान र सिप प्रदान गर्ने लक्ष्य राखेका छौं । यस कार्यक्रमले नयाँ पुस्तालाई आफू सुरक्षित रहँदै डिजिटल अवसरहरूको अधिकतम उपयोग गर्न आवश्यक मार्गदर्शन र टुल उपलब्ध गराउनेछ भन्नेमा म आशावादी छु,' एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले भने, 'डिजिटल प्लाटफर्महरूले युवाहरूले सिक्ने, अन्तर्क्रिया गर्ने वा प्रतिक्रिया जनाउने र निर्णय लिने तरिकालाई बढ्दो रूपमा प्रभावित गर्दै गएकाले उनीहरूको अनलाइन सुरक्षा सुनिश्चित गर्नु सबैको साझा जिम्मेवारी बनेको छ। आजको विश्वमा डिजिटल साक्षरता र साइबर जागरण वित्तीय साक्षरतासरह नै महत्त्वपूर्ण छन् भन्ने विश्वास गर्दछौं । एनसले फाउन्डेसनसँगको सहकार्यमा सञ्चालित एसआइटी अभियानमार्फत हामी विद्यार्थीलाई प्रविधिको जिम्मेवार प्रयोग गर्ने, आफ्नो डिजिटल पदचिह्न संरक्षण गर्ने र डिजिटल इकोसिस्टममा सुरक्षित रूपमा नेभिगेट गर्न व्यावहारिक ज्ञान प्रदान गर्ने लक्ष्य राखेका छौं ।'

विश्वभरि राष्ट्रवादको उछाल, नेपालमा चुनावी हाल



• राजन कार्की
rajan2012karki@yahoo.com

साने टकाइची, जापानकी प्रधानमन्त्री । उनले पद सम्हालेको ११० दिनमै आकस्मिक चुनावमा जाने ठूलो जोखिमपूर्ण निर्णय लिइन् । यो जोखिम सफल भयो– मतदाताले उनको आर्थिक नीतिहरु, कडा आप्रवासन नीति, र चीनतिर राखेको कडा धारणाप्रति जनताले बलियो समर्थन जनाए । साने टकाइचीको लिबरल डेमोक्रेटिक पार्टी (एलडीपी) लाई दुई तिहाई बहुमतको जनादेश दिए । जापानी प्रतिनिधिसभाका ४६५ सिटमध्ये ३१६ सिट जितेको छ एलडीपीले । दोस्रो विश्वयुद्धपछि पहिलो पटक कुनै जापानी पार्टीले दुई तिहाईभन्दा बढी सिट जितेको यो पहिलो अवसर हो ।

यो जनादेशले ताकाइचीलाई रक्षा, सामाजिक मुद्दा र आप्रवासन सम्बन्धी आफ्नो रूढिवादी एजेन्डा अघि बढाउन मार्ग प्रशस्त गरेको छ । साथै, राष्ट्रपति ट्रम्पले दिएको समर्थनपछि उनको अन्तर्राष्ट्रिय राजनीतिक हैसियत मजबुत भएको छ । जापानको राष्ट्रवादी धार अझ धारिलो भएको विश्वभरि विश्लेषण भइरहेको छ ।

मेक अमेरिका ग्रेट अगेन भन्ने नारासहित अमेरिकामा राष्ट्रवादी धारसहित डोनाल्ड ट्रम्पले चुनाव जितेर राष्ट्रपति बनेका थिए । यसपछि भएका चुनावहरूमा हंगेरीलगायतका अनेक मुलुकमा स्थापित दलहरु पछाडि परेका छन् । परिवर्तनका पक्षमा चुनावी नतिजा आएको देखिन्छ ।

आगामी फागुन २१ गते नेपालमा प्रतिनिधिसभाको निर्वाचन हुँदैछ । यो निर्वाचनमा स्थापित दलहरूभन्दा परिवर्तनका पक्षमा जनताको लहर बढेको देखिन्छ । प्रतिस्पर्धा स्थापित दलहरु र नयाँ अनुहारवीच नै हुनेछ । बिश्लेषण गरिदैछ कि विश्वभरि फैलिएको परिवर्तनको लहर नेपालमा पनि देखिएको छ र अनुमान गरिन्छ, राष्ट्रवादी धारले बलियो उपस्थिति देखाउनेछ ।

अब हेर्नुछ, दूध र पानी रजहाँसले छुट्याउन सके भैं नेपाली मतदाताहरूले सही र गलत छुट्याएर सही जनप्रतिनिधिको चयन गर्नेछन् । देशवादी र देशद्रोही छुट्याउने आधार जनमत हो, जनता रजहाँस बनेर छुट्याउने छन् । यो अवसर भनेको जनाधार दिने जनताको हातमा छ । प्रजातन्त्रमा जनता नै निर्णायक हुनेगर्छन् ।

राजनीतिलाई समाज परिवर्तनको औजार हो भन्ने मान्यता राख्नेहरु भन्छन्- माहुरी पालकले माहुरीको बित्तपाते अबस्था र त्यसको पहिचान गर्छ । माहुरीको यो अबस्था जान्न सकेन भने माहुरीको घार नै नष्ट भएर जान्छ । यसै गरी कुनै मुलुकमा पनि नेतागणहरूमा यो बित्तपाते अबस्था आउँछ, यस अबस्थामा मुलुक नै नष्ट हुने खतरा हुनसक्छ । यहि कुरालाई महाभारतको शान्ति पर्वमा भिष्म पितामह युधिष्टिरलाई यसरी बताएका छन्- व्यक्तिले प्रथमत राजा चुनोस्, त्यस पछि भार्या (परिवार) अनि परिवार पाल्न धन कमाओस् । यदी राजा नै सही भएन भने न भार्या रहन्छ न धन । सबै कुरा अरूले नै लुटेर लान्छन् ।

घारमा समय नाघेको लार्भा छ भने शाही खुराक खुवाएर रानो बनाएपछि माहुरीको चाका सुरु हुनसक्छ । रानु बनाउन सकिएन भने हरेक माहुरीले खाना त खान्छ तर चाका बनाउन सक्दैन । घार बिनाको माहुरी पालन गर्नु भनेको बेकारको लगानी हुनेहो ।

राजतन्त्र किनारा लगाएपछि नेपाली राजनीतिमा रानो छैन । रानु नभएकै कारण जनता र देशप्रति जवाफदेहीपूर्ण राजनीतिको सुरूआत नै हुन सकेन । निषेध, विभेद र प्रतिषोधपूर्ण राजनीतिक नेतृत्वको अहंकारका कारणले रानो बनाउने प्रकृया पनि सुरु भएको छैन । रानो नभएपछि माहुरी नासिएझैं राजनीति नासवान बन्यो । पार्टी र नेताहरु सत्ता र शक्तिका वरिपरि घुमिरहेका छन्, जसका कारण जनता अन्यायमा परेका छन्, राष्ट्र दिनदिनै कमजोर बन्दै जाँदो छ । लोकतान्त्रिक गणतन्त्रले २० वर्ष खेर फालेपछि फागुन २१ मा परिवर्तनको साइत जुरेको छ । यो साइतलाई जनताले कसरी छोप्ने हुन्, विश्वभरि यो चुनावको चर्चामा उत्सुकता बढ्दै गएको छ ।

माहुरीको रानो नभएको घारमा अब्यबस्था फैलन्छ, सबैले आफैलाई रानो सम्झनाले आपसी द्वन्द चल्छ । रस बटुल्न कोही बाहिर निक्लदैन, घारमा खानाको कमी हुन्छ, झगडा गर्छन् । यो अबस्थालाई बित्तपाते माहुरी भनिन्छ । त्यो घारको विनास अबश्यांभावी छ । यस्तो स्थितिमा माहुरी पालकले पहिले रानोको व्यवस्था गर्छ । बित्तपाते माहुरीको हुललाई घारबाट हटाउँछ । जो बितपाते नभएका माहुरी छन्, ती फैलन्छन्, रानोले अन्य माहुरीहरु बटुल्छ र फेरि घारमा मह जम्मा गर्न थाल्छन् ।

अराजक अर्थात् माहुरीको घारको बितपाते अवस्था र नेपालको राजनीतिक व्यवस्था उस्तै उस्तै देखिन्छ । जो अपराधी थिए, जो जनताले घृणा गरेका पात्र थिए, तिनीहरु कानुन बनाउने, कानुन खेलाउने, राज्यसत्ता चलाउने केन्द्र केन्द्रमा पुगे । धर्मलाई अफिम भन्नेहरु धर्म संस्कृतिका पालनहार बन्ने ढोङ गर्दैछन्, जो विदेशीको रिमोटबाट चल्ने छन्, तिनीहरु चर्का भाषण गर्दैछन्, जो समाज र नेपाली एकताका भँडुवा हुन्, तिनीहरु एकताको नाटक गरिरहेका छन् । जो बाल्मिकीको नाटक गरिरहेका थिए, बाल्मिकी बनेर परिवर्तनका संवाहक बने, तिनीहरु रत्नाकरभन्दा पृथक प्रमाणित हुन सकेनन् । रत्नाकरहरूको आतंक, अराजकताबाट पीडित भएपछि असन्तुष्टि फैलियो र अर्को परिवर्तनको माग भयो ।

यही मागको अग्नि परीक्षा हो फागुन २१ गते । रत्नाकर विवेकशील बन्न सक्यो भने बाल्मिकी बन्न सक्छ । जसरी माहुरीको रानुको जन्म हुन्छ । विबगत २० वर्ष जनताले परिवर्तनको अनुभव गर्ने सकेनन् । आधुनिक रत्नाकरहरु बाल्मिकीको मुखुण्डोमात्र लगाउँछन् । त्यस्तै देखिए । जनताको असन्तुष्टि र गत भदौ २३, २४ को आन्दोलनपछि देशले बाल्मिकी खोजेको छ, परिवर्तन हुन नसकेका रत्नाकरहरु देशैभरि हावी भएका छन् । रत्नाकरका भजनेहरु आफूलाई बुद्धिजीवी, नागरिक अगुवा ठान्छन्, डाँकैतीका साझेदार बन्छन् । लोकतान्तिक गणतन्त्र उत्कृष्ण व्यवस्था ल्याइयो भनेर जसजसले झ्याली पिटेका थिए, गत भदौ २३ र २४ मा ती जनअसन्तुष्टिबाट पिटिए । अझै पनि दुर्दान्त काम गर्न उक्सेकै छन्, जुन अर्को गल्ती हो । जसले अपराधलाई प्रश्रय दियो, ती गणतन्त्रका बाहक हुँ भन्छन्, यस्तो राजनीतिले बढाउने अपराध नै हो । राजनीतिक अपराधले देश दुःखित र पीडित छ ।

छलाङ हान्ने प्रजातन्त्रवादी, समाजवादी, सर्वहारा हुँ भन्नेहरूलाई जनताले बाल्मिकी भनेर विश्वास गरे । आज ती सबै बाल्मिकीहरु रत्नाकरभन्दा भिन्न देखिएनन् । नागरिक निकासी गरेर, राष्ट्रिय सम्पत्ति र सम्पदा दोहन गरेर, नेपोटिजम हुर्काएर जुन राजनीति चलाइरहेका छन्, ती सबै रत्नाकर नै हुन् । जनताले कुनै रत्नाकर स्वीकार छैन भनेर ल्याएका र पाएका नेताहरु फेरि पनि रत्नाकर नै साबित भए । परिवर्तन पटक पटक आयो, जनताका लागि कौवालाई बेल पाकेसरह साबित हुनपुग्यो । यसकारण देशले अर्को परिवर्तनको शंखघोष गरेको छ । परिवर्तन बिना अस्तित्व संकटमा छ ।

जनता के चाहन्छन्, नेतृत्व सच्चिन्छ कि सक्किन्छ, नयाँ नेतृत्व जन्मन्छ कि तुहिन्छ ? फागुन २१ गते जनाधिकारको परीक्षण हुनेछ । जनताले खोजेको परिवर्तन र चाहेको नेता कस्तो हो ? प्रष्ट देखिने छ । १६५ क्षेत्रको चुनावमा ३ हजारभन्दा बढी उमेदवार छन् । यो भनेको दूध र पानी मिसिएजस्तै धमिलो अवस्था हो । जनताले रजहाँस बनेर अधिकाधिक दूध छुट्याउनु पर्नेछ । आफ्नो प्रतिनिधि छान्नुपर्ने छ अर्थात् रत्नाकर र बाल्मिकी छुट्याउनु पर्नेछ र बाल्मिकीलाई प्रतिनिधि छान्नुपर्नेछ । यसपटक पनि जनताबाट चुक भयो भने लामो समय पछुताउनुपर्ने छ । जसरी २० वर्ष खेर गयो, लामो समय खेर जानेछ ।

गणतन्त्र आएको २० वर्ष भइसक्यो । यो समय जनताले अन्याय सहनुपऱ्यो, सकस बेहोर्नुपऱ्यो । आफ्नो परिवारसँग साथै बस्न पाएनन्, जनताका ससाना नानीहरु राज्यको गोलीको सिकार हुनुपऱ्यो । जेनजी विद्रोहले फागुन २१ को मौका दिएको छ । नेपालका बित्तपाते भईसकेका नेताहरु यसलाई अग्रगमन, प्रगती, नयाँ नेपाल र यस्तै यस्तै आगिन्ती भ्रम फैलाइरहेका छन् । यो भ्रमलाई चिर्ने र दूध पानी छुट्याउने जिम्मा जनताको हो । आफ्नो देशको अस्तित्व संकटमा परिसकेको छ । यो अस्तित्व बचाउने कार्य जनताको जिम्मेवारी हो ।

हरेक नागरिकले जनतालाई सचेत पार्नुपर्छ, जनाधिकारको महत्व बुझाउनु पर्छ । जब जनताले चुनावको महत्व बुझ्नेछन्, तब समानता, राष्ट्रिय एकता, विकास, स्थिरता र शान्ति सबै खोजेजसरी पाउन सक्नेछन् ।

देशको उज्यालो भनेको समयानुकूल परिवर्तन हो, जनतालाई परिवर्तनको अनुभूति र जिम्मेवारीबोध गराऔं ।

पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

आउँदो निर्वाचन देश जलाउने र बनाउनेबीचको लडाई ?

***निर्वाचन हुने दिन नजिकिँदै गर्दा राजनीतिक दलहरू सक्रिय हुँदै गएका छन् । यस पटकको निर्वाचन मुलुक जलाउने र मुलुक बचाउनेहरूबीचको लडाइं जस्तै भएको छ । गत भाद्र २३ गते जेननजीहरूले गरेको विरोध प्रदर्शन कस्को इसारामा र निर्देशनमा गरिएको थियो भने प्रष्ट हुँदै गएको छ । स्कुले भाईबैनीहरूलाई उचालेर आफ्नो स्वार्थ पूरा गर्नेहरू अहिले सबै रास्वपाका संलग्न भएका र रास्वपाबाटै सांसदको उम्मेदवार बनेका हुनाले अब भाद्र २३ गतेका विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्य किन र कस्का स्वार्थ पूरा गर्न गरिएको थियो भने प्रष्ट भएको छ । विद्यार्थी भाईबैनीहरूलाई अगाडि देखाएर भित्रभित्रै आफ्नो राजनीतिक स्वार्थ पूरा गर्नेहरूले नै भाद्र २४ गते विध्वंसात्मक कार्य गरेका थिए । अर्थात उनीहरूले नै भाद्र २३ गतेको विरोध प्रदर्शनलाई हाइज्याक गरेका थिए । सो विरोध प्रदर्शनमा पानी बाँड्न गएको बताउने सुदन गुरुङको सिफारिसमा सर्बोच्च अदालतकीय पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई भाद्र २७ गते मध्यरातमा राष्ट्रपतिले संविधानको उल्लघन गर्दै प्रधानमन्त्रीमा नियुक्त गरेका थिए भने तिनै प्रधानमन्त्रीको सिफारिसमा संसद विघटन गरिएको थियो । सुशिला कार्की प्रधानमन्त्रीमा नियुक्त हुँदा संसद जिवित रहेकाले गर्दा प्रधानमन्त्रीको नियुक्ति असम्वैधानिक रहेको प्रष्ट हुन्छ । संविधान अनुसार संसद बाहेक अन्य संस्थाबाट प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था संविधानमा छैन ।*

भाद्र २३ गते विरोध प्रदर्शन गर्नको एउटै कारण थियो तत्कालीन केपी ओली नेतृत्वको सरकार ढाल्नु । सम्वैधानिक प्रक्रिया द्वारा ओली नेतृत्वको सरकार ढाल्न नसक्ने अवस्था रहेकाले गर्दा विद्यार्थी भाइबैनीहरूको सहारा लिएर ओली सरकार ढालिएको थियो । ओली सरकार ढाल्नु भन्दा केही सयम अघि काठमाडौंका मेयर बालेन साहले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकचजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने अभिव्यक्ति स्टाटसमार्फत दिएका थिए । सिंहदरबारमा आगो लगाइयो, सर्बोच्च जलाइयो, संसद भवन जलाइयो तर, आगो लगाईदिन्छु भन्ने साहमाथि कुनै अनुसन्धान र छानविन समेत भएन किन ? अहिले समय परिस्थिति फेरिएको छ । बालेन साह रास्वपाका वरिष्ठ नेता भएर उनी झापा ५ बाट संसदको उम्मेदवार बनेका छन् उनलाई रास्वपाले भावि प्रधानमन्त्रीको उम्मेदवार भएको घोषणा गरेको छ । त्यस क्षेत्रबाट विगत लामो समयदेखि नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली निर्वाचित हुँदै आएका छन् । अहिले बोलन त्यही क्षेत्रमा उम्मेदवार बन्नुको रहस्य के हुनसक्छ ? बालेन काठमाडौं महानगरको मेयर हुँदा उनले मधेशी जनतामाथि गरेको व्यवहारले गर्दा उनी पहाडी मतदाता धेरे भएको निर्वाचन क्षेत्रमा उम्मेदवार बनेका हुन् । के बालेन प्रधानमन्त्री भए मधेशी जनतालाई के हुन्छ ? आन्तरिक औपनिवेशिककरण अन्त्य हुन्छ ? मधेशी जनतामाथिको भाषिक, सांस्कृतिक, उत्पीडनको अन्त्य हुन्छ ? मधेशको चरम गरिबी, महिलामाथिको हिसा, दलितमाथिको अत्याचार अन्त्य हुन्छ । मधेशमा हुने गरेको भ्रष्टाचाको अन्त्य हुन्छ ? मधेशमा गुणस्तरीय, शिक्षा, स्वार्थको सुनिश्चितता हुन्छ ?

बालेनले आफूँ मेयर हुँदा कहिल्यै पनि आफूलाई मधेशी पहिचानसँग जोड्न चाहेनन् । मेयर हुँदा साइकल, ठेलागढामा आश्रित मधेशी जनतामाथि क्रुर व्यवहार गरेका होइनन् ? काठमाडौमा कवाडी संकलकहरूमाथि उनले गरेको व्यवहारलाई के मधेशी जनताले माफ गर्न सक्छन् ? तर उनी हालै जनकपुरमा पुगे आफूलाई मधेशीको रुपमा उभ्याउँदै मैथिली भाषामा भाषण गरे त्यो मधेशी जनतालाई झुक्याउने खेलमात्र थियो । उनी साँच्चिकै मधेशी जनताको हितमा रहथ्यो भने किन उनले आफ्नो थर साह लेख्न सकेनन् र शाह लेख्न थाले यसको जवाफ साहले मधेशी जनतालाई किन दिनु नपर्ने ?

भाद्र २३ र २४ गतेको घटनाका घटनाकार को हुन् ? भन्ने रहस्य विस्तारै खुल्दै जाला तर अहिलेसम्मको अवस्था हेर्दासाह समेत घटनाका घटनाकार हुन् भन्न सकिने अवस्था देखिन्छ । उनले २३ गते पछि भाद्र २७ गते रातीसम्म लेखेका फेसबुक स्टाटसले नै प्रष्ट हुन्छ साह नै घटनाकार हुन भनेर जब केपी ओलीले प्रधानमन्त्रीबाट राजिनामा दिए त्यसपछि उनले जेननजीहरूलाई नेपाली सेनाका प्रधान सेनापतिसँग वार्ता गर भन्ने स्टाटस लेखेपछि जेननजीहरूको एक समूहले वार्ता गऱ्यौ । सुदन गुरुङमार्फत साहले नै प्रधानमन्त्रीमा सुशिला कार्कीलाई नियुक्ति गर्नुपर्ने दवाव दिए भने कार्की सरकारका मन्त्रीहरू समेत साहकै सिफारिसमा नियुक्त भए आफ्नो कानुनी सल्लाहकार ओम प्रकाश अर्यललाई गृहमन्त्री बनाउन सफलल भए ।

यी सबै तथ्यहरू र प्रकरणहरूले नै प्रष्ट हुन्छ साहको महत्वकांक्षा कति बढी रहेको रहेछ भनेर । काठमाडौंबासीले साहलाई विश्वास गरेर मेयरमा मतदान गरी विजयी गराएका थिए तर उनले आफू निर्वाचित भएपछि आफ्ना मतदाताहरूसँग कहिले भेट गरेनन् अर्थात भेट गर्न चाहेनन् । कुनै अँध्यारो कोठामा बसेर गाजाँको सुरुमा आदेश मात्र दिने गरेका साहलाई झापा ५ का जनताले निर्वाचित गराएको खण्डमा त्यसको पाप सम्पूर्ण नेपाली जनताले भोग्नुपर्ने निश्चित जस्तै रहेको छ । अहिले काठमाडौं महानगरबासीहरूले साहलाई मतदान गरेर जिताएकोमा पछुताउनु बाहेक अन्य कुनै विकल्प देखिएको छैन । महानगरको विकास साहभन्दा पहिलोकै मेयरको पालमा सुरु भएको हो । मेयर साहले महानगरबासीहरूले दिएको विश्वासलाई घात गरेका र राष्ट्रका महत्वपूर्ण सम्पदाहरू जलाउने कार्य हुँदा समेत काठमाडौं महानगरमा भएका दमकल प्रयोग गर्न नदिनुले प्रष्ट हुन्छ । साह निर्माणमा होइन जलाउने र भत्काउनै आएका हुन् भन्ने हामीले ठानेका छौं ।

नेपालका लागि आगामी दशक

ललितकुमार यादव

इतिहासको कुनै कालखण्डमा हरेक राष्ट्र एक न एकपटक यस्तो घुम्तीमा उभिएकै हुन्छ, जहाँबाट राष्ट्रले सही बाटो समात्न खोज्छ । तैपनि, सही बाटो पहिल्याउन नसकी ऊ अल्मलिइरहेको हुन्छ । यस्तो अवस्थामा राष्ट्रलाई सही दिशा दिने काम राजनीतिक नेतृत्वको हो । नेतृत्वले लिने सही निर्णयबाटै राष्ट्रको भविष्य निर्धारित हुन्छ । आज नेपाल ठ् याक्कै त्यही घुम्तीमा उभिएको छ । आगामी समयलाई स्वर्णिम बनाउँदै भविष्य सुन्दर बनाउन सही बाटो खोज्दै छ ।

सात दशकभन्दा लामो राजनीतिक संघर्ष, पटक-पटकको व्यवस्था परिवर्तन र संविधानसभाबाट घोषित संघीय लोकतान्त्रिक गणतन्त्रको बलियो जगमा यतिखेर नेपाल उभिएको छ । नेपालले अब एउटै प्रश्नको जवाफ खोजिरहेको छ । त्यो हो, के राजनीतिक नेतृत्व राजनीतिक क्रान्ति र त्यसका उपलब्धिलाई आगामी दिनमा आर्थिक समृद्धिमा रूपान्तरण गर्न तयार छन् ? आगामी दशक नेपालका लागि केवल समयको अन्तराल मात्र हुनेछैन । आगामी दशक नेपालका लागि सम्भावनाको परीक्षण र चुनौतीको सामना गर्ने स्वर्णिम दशकसमेत हो । सामाजिक परिवर्तन तथा रूपान्तरणको दशक हो । समृद्ध नेपालका अनिवार्य आवश्यकता पनि यिनै हुन् ।

जनसांख्यिक लाभांश

नेपाल अहिले आफ्नो इतिहासकै सबैभन्दा अनुकूल 'डेमोग्राफिक विन्डो' (जनसांख्यिक लाभांशको समय) बाट गुज्रिरहेको छ । कुल जनसंख्याको करिब ६० प्रतिशतभन्दा बढी हिस्सा क्रियाशील उमेर समूहको जनसंख्याले ओगटेको छ । यस्तो अवस्था कुनै पनि राष्ट्रको विकासका लागि स्वर्णिम समय मानिन्छ । आगामी दशक नेपालका लागि त्यही स्वर्णिम समय हो । तर, यथार्थ भने तितो छ । नेपालका विश्वविद्यालयले शैक्षिक डिग्रीका प्रमाणपत्र त बाँडिरहेका छन् । तर, ती प्रमाणपत्रले स्वदेशमै रोजगारीको सुनिश्चितता गर्न सकेको देखिँदैन ।

प्रत्येक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा होनहार नेपाली युवाको लस्कर देखिन्छ । होनहार युवाको लस्करले देशको भविष्य कता जाँदै छ भन्ने गम्भीर प्रश्न उठाइरहेको छ । रेमिट्यान्सले विदेशी मुद्राको सञ्चिति त बढाएको छ । तर, उपभोगवादी संस्कृति मौलाउँदै गएको छ । आगामी दशकलाई स्वर्णिम दशक बनाउन नेपालले कम्तीमा वार्षिक पाँच लाख थप मर्यादित रोजगारी स्वदेशमै सिर्जना गर्नैपर्ने हुन्छ । नभए यो जनसांख्यिक लाभांश जनसांख्यिक विपत्तिमा परिणत हुनेछ । अबको शिक्षा केवल प्रमाणपत्रमुखी हुनुहुँदैन । शिक्षा सीपयुक्त र बजारमुखी हुनुपर्छ ।

ऊर्जा र हरित अर्थतन्त्र

नेपालको जलविद्युत् क्षेत्र अहिले सुखद सफलताको अवस्थामा पुगेको छ । १० वर्षमा १० हजार मेगावाट निर्यात गर्ने लक्ष्य र भारत तथा बंगलादेशसँगको बिद्युत् व्यापार सम्झौताले आशाको सञ्चार गराएको छ । तर, समृद्धिको साँचो केवल बिजुली निर्यातमा मात्र सीमित छैन । समृद्ध नेपालको साँचो विद्युत्को आन्तरिक खपतमा निहित छ । अब नेपालको ऊर्जा रणनीतिलाई परिमार्जन गर्नुपर्ने समय आएको छ । कच्चा पदार्थका रूपमा बिजुली बेचेर मात्र नेपाल समृद्ध हुन सक्दैन । अब आन्तरिक खपतका लागि सस्तोमा बिजुली उपलब्ध गराउनुपर्छ । उद्योगहरु सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ । विद्युतीय यातायातको शतप्रतिशत विस्तार हुनुपर्छ । 'ग्रिन हाइड्रोजन' (हरित हाइड्रोजन) को उत्पादनमा विश्वको नेतृत्व लिने दिशामा अघि बढ्नुपर्छ । स्वदेशमै सम्मानित रोजगारीको व्यवस्था गर्नुपर्छ । जलविद्युत्लाई आधार बनाएर गरिने औद्योगिकीकरणले मात्र व्यापार घाटा कम गर्न सकिन्छ । यसरी नै दिगो आर्थिक विकासको जग बसाल्न सकिन्छ ।

नेपालका लागि भूपरिवेष्टित राष्ट्र हुनु अभिशापका रूपमा र व्यापारिक लागत महँगो हुनु अवरोधका रूपमा रहिआएको छ । तर, सूचना प्रविधि क्षेत्रका लागि भूगोल गौण विषय हो । हालैका वर्षमा नेपाली युवाले काठमाडौंका गल्लीबाटै विश्वका ठुल्ठुला कम्पनीका लागि सफ्टवेयर बनाइरहेका छन् । यो सूचना प्रविधिको क्षेत्रमा नेपालले प्राप्त गर्न सक्ने सफलता र हात पार्दै गएको उपलब्धिको प्रमाणका रूपमा रहेको छ ।

आगामी दशकमा नेपालले सूचना प्रविधिलाई राष्ट्रिय गौरवको आयोजनासरह प्राथमिकता दिनुपर्छ । डिजिटल अर्थतन्त्रले केवल रोजगारीको नयाँ अवसरको सिर्जना मात्र गर्दैन, यसले देशलाई भ्रष्टाचारमुक्त र सुशासनमा अभ्यस्त बनाउन ठुलो मद्दत गर्छ । राज्यले उच्च गतिको इन्टरनेट, भरपर्दो बिजुली र आइटी स्टार्टअपका लागि कर सहुलियत सुनिश्चित गर्न सक्नुपर्छ । नेपाललाई दक्षिण एसियाकै 'डिजिटल हब' का रूपमा विकास गर्नुपर्छ । यसले मात्र नेपालको बौद्धिक पलायनलाई रोक्न सक्छ । बिदेसिएका युवालाई स्वदेशमै फर्काएर उनीहरूले विदेशमा सिकेको सिप र कमाएको पुँजी सदुपयोग गर्ने वातावरण निर्माण गर्नुपर्छ ।

> समृद्धि आकाशको फल होइन, पसिना र मस्तिष्कको उपज हो । आगामी दशक नेपालका लागि रूपान्तरणको दशक बन्न सक्छ । आशाका किरण राजनीतिक नेतृत्वको भाषणमा मात्र सीमित रहनुहुँदैन । हरेक नेपालीको भान्छा र जीविकामा प्रतिबिम्बित हुनुपर्छ ।

नेपाल कृषिप्रधान देश भनेर चिनिन्छ । तर, अधिकांश नेपालीको थालमा छिमेकी मुलुकबाट आयात गरिएको चामल, दाल र तरकारी पस्किइन्छ । नेपालको हरेक भान्साका लागि भुटनदेखि मसलासम्म आयात गर्नुपर्ने अवस्था छ । कृषिप्रधान देशका लागि योभन्दा ठुलो दुर्भाग्य के हुन सक्छ ? आगामी दशकमा कृषिलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक पेसा बनाउनुको विकल्प छैन । खेतीयोग्य जमिनको चक्लाबन्दी, मल व्यवस्थापन, बिउबिजनको सहज उपलब्धता, सिँचाइ, आधुनिक शीत भण्डारको सञ्जाल र कृषि उपजको उचित मूल्य तथा बजारको ग्यारेन्टी गर्ने प्रणालीको विकास अपरिहार्य छ । मुलुकको समृद्धिको मूल आधार कृषि नै हो । कृषिमा आत्मनिर्भर हुनु भनेको मुलुक स्वाधीन हुनु हो । यसतर्फ अगाडि नबढी विकासको गाडी अगाडि बढ्न सक्दैन । पर्यटन क्षेत्रमा पनि नेपाल पुरानो 'ब्याकप्याकर' शैलीबाट माथि उठ्न सक्नुपर्छ । नेपाललाई केवल हिमाल चढ्ने मुलुकका रूपमा मात्र सीमित राख्नु हुँदैन । यो नेपालको परिचयलाई नै साँघुरो बनाउने काम हो । नेपाललाई अब अध्यात्मको केन्द्र, साहसिक पर्यटनको राजधानी र 'वेलनेस रिट्रिट'का रूपमा 'ब्रान्डिङ' गर्न सक्नुपर्छ । नेपाललाई विश्व बजारमा चिनाउन जरूरी छ । सगरमाथा, पशुपतिनाथ, जनकपुरधाम र लुम्बिनीको ओजलाई आर्थिक लाभमा रूपान्तरण गर्ने योजना चाहिएको छ । यसका लागि गुणस्तरीय पूर्वाधार विकास र विश्वस्तरीय हवाई सेवा विस्तारलाई आगामी दशकको मुख्य कार्यभारका रूपमा राख्नुपर्छ ।

चुनौतीहरू

नेपालको विकासमा अवरोध स्रोतको अभाव होइन, असल थितिको अभाव हो । संघीयता कार्यान्वयनमा आए पनि प्रशासनिक प्रक्रिया अझै झन्झटिला छन् । राज्यका नीति केन्द्रमुखी नै देखिन्छन् । विनियोजित बजेटसमेत खर्च हुन सकेको अवस्था छैन । सार्वजनिक वित्त व्यवस्थापन र सार्वजनिक खरिद व्यवस्थापनको अवस्था नाजुक छ । खर्च क्षमताको विकास अझै हुन सकेको छैन । असारे विकास संस्कृतिले पूर्वाधारको गुणस्तरलाई नै कमजोर बनाउँदै लगेको छ । सरकार फेरिएसँगै सरकारी नीति पनि फेरिन्छ । लगानीकर्ता निरूत्साहित छन् । आगामी दशकको आर्थिक नीति सबै राजनीतिक दलको साझा नीति बन्नुपर्छ । राजनीतिक दलले सहमति गर्दै साझा प्रतिबद्धता जाहेर गर्नैपर्ने हुन्छ । राजनीतिक दल एकताबद्ध भएको 'राष्ट्रिय आर्थिक एजेन्डा' नै आगामी आर्थिक विकासको मार्गचित्र हो । राज्यका निकाय पारदर्शी हुनुपर्छ । भ्रष्टाचार गर्नेले उन्मुक्ति पाउनुहुँदैन । समृद्धिको नारालाई केवल कागजमा सीमित राख्नुहुँदैन ।

भू-राजनीतिक सन्तुलन

नेपाल दुई ठुला उदीयमान आर्थिक शक्ति भारत र चीनको बिचमा अवस्थित छ । नेपालको यो भौगोलिक अवस्थिति नेपालका लागि समस्या होइन । यो त रणनीतिक लाभका दृष्टिले एउटा दुर्लभ अवसर हो । नेपाललाई 'दुई ढुंगाबिचको तरूल' का रूपमा चिनिँदै आएको छ । आगामी समयमा नेपाल 'दुई ठुला बजारबिचको गतिशील पुल' बन्नुपर्छ । दुई ठुला छिमेकी मुलुकलाई लिएर नेपाललाई दिँदै आएको परिचय फेर्न ढिला गर्नुहुँदैन । चीनको बिआरआई र भारतसँगको घनिष्ठ व्यापारिक सम्बन्धलाई सन्तुलित रूपमा नेपालले आफ्नो हितमा प्रयोग गर्न सक्नुपर्छ । परिपक्व कूटनीति प्रदर्शन गर्न सक्नुपर्छ । यो आगामी दशकको मात्र माग होइन, नेपालका लागि सर्वोंको अपरिहार्यता हो । उत्तर-दक्षिण जोड्ने द्रुतमार्ग र पूर्व-पश्चिम रेलमार्गको विकासलाई आगामी दशकमा गति दिनैपर्ने हुन्छ । नेपाललाई क्षेत्रीय व्यापारको केन्द्र बनाउने गरी काम अगाडि बढाउनुपर्छ ।

अबको निकास

आगामी दशकलाई नेपालले 'गर या त मर'को दशकका रूपमा लिनुपर्छ । नेपालसँग विकासका अपार सम्भावना छन् । कच्चा पदार्थदेखि जल, जमिन, जडीबुटी र ऊर्जावान् युवाशक्ति सबै उपलब्ध छन् । कमी छ त केवल दृढ इच्छाशक्ति र कर्तव्य तथा कामप्रतिको इमानदारीको । नेपाललाई आफ्ना स्रोतलाई जोड्ने सोच र सकारात्मकता चाहिएको छ । समृद्धि कुनै जादुको छडीले आउँदैन । प्रत्येक नागरिकको पसिनाको मूल्य र राज्यको सही नीतिबिच तालमेल मिलाएर निरन्तरको प्रयासबाट सजिलै नेपाललाई समृद्ध बनाउन सकिन्छ ।आगामी दशकका लागि नेपालले निम्न पाँचवटा संकल्प गर्नैपर्ने हुन्छ- १. उत्पादनमुखी अर्थतन्त्रको विकास, २. प्रविधिमैत्री सरल र सुलभ सार्वजनिक सेवाको विस्तार, ३. श्रमको सम्मान गर्दै स्वदेशमै पसिना बगाउने वातावरण निर्माण, ४. वातावरणीय सन्तुलन मिलाउँदै जलवायु परिवर्तनका असरहरूसँग जुध्ने क्षमताको विकास र ५. भ्रष्टाचारमुक्त प्रशासन तथा लगानीमैत्री वातावरणको सुनिश्चितता ।

नेपालले आगामी दशकका लागि नीतिगत साहस देखाउनुपर्छ । राजनीतिक नेतृत्वले काम गराइको आफ्नो पुरानो ढर्रा त्याग्नुपर्छ । यस्तो गर्न सम्भव भएन भने समृद्ध नेपालको सपना सकार हुन सक्दैन । भविष्यका लागि दुर्घटना साबित हुन सक्छ । समृद्धि आकाशको फल होइन, पसिना र मस्तिष्कको उपज हो । आगामी दशक नेपालका लागि रूपान्तरणको दशक बन्न सक्छ । आशाका किरण राजनीतिक नेतृत्वको भाषणमा मात्र सीमित रहनुहुँदैन । हरेक नेपालीको भान्छा र जीविकामा प्रतिबिम्बित हुनुपर्छ । हरेक नेपालीको जीवनस्तरले पुष्टि गर्दै जानुपर्छ । *-नयाँ पत्रिका*

घोषणापत्र : चुनावी कागज कि सामाजिक करार ?

सौगात गौतम

यतिबेला दलहरूले प्रधानमन्त्रीको अनुहार अगाडि सारेर चुनावी अभियान तीव्र बनाइरहेका छन् । यसैबीच आममानिस भने 'घोषणापत्र खोइ ?' भन्दै सामाजिक सञ्जालमा प्रश्न गर्दै छन् ।

यद्यपि, निर्वाचन घोषणापत्रलाई अझै पनि मतदातालाई लोभ्याउने वाचाहरूको प्याकेजका रूपमा लिने प्रवृत्ति छ । तर आज नेपाल जुन राजनीतिक अवस्थाबाट गुज्रिरहेको छ, जहाँ संस्थागत कमजोरी, गठबन्धनको अनिश्चितता र नागरिकमा बढ्दो अन्योल छ, त्यसले घोषणापत्रको अर्थ नै पुनःपरिभाषित गर्नुपर्ने संकेत गरेको छ । नागरिकले नेताबाट मात्र होइन, प्रणालीबाट जवाफ खोजिरहेका छन् । शक्ति कसरी प्रयोग गरिन्छ ? शक्ति कसले नियन्त्रण गर्छ ? नेतृत्व वा सरकार असफल भए कसरी जवाफदेही बनाइन्छ ? जस्ता प्रश्नको उत्तर खोजिएको छ ।

कृष्णप्रसाद भट्टराईले ल्याउने मेलम्चीको पानी, प्रचण्डले बनाउने स्विट्जरल्यान्ड, केपी ओलीले कुदाउने रेलजस्ता विषयले पार्टीका नीतिहरु ओझेलमा पर्ने गर्थे । तर अहिले समय फरक छ । अब घोषणापत्रमा नेताको आकांक्षा होइन, शासन गर्ने तरिकाप्रतिको स्पष्ट प्रतिबद्धता हुनुपर्छ । संसदीय प्रणालीमा शासन गर्ने दाबी गर्ने दलले सामूहिक नेतृत्व, संस्थागत अनुशासन र संसद्को सर्वोच्चताप्रति आफ्नो दृष्टिकोण घोषणापत्रमार्फत प्रस्ट पार्नै पर्छ ।

संसदीय समितिहरूको भूमिका, अध्यादेशको सीमित प्रयोग र विधायिकाको सर्वोच्चताबारे ठोस प्रतिबद्धता आवश्यक छ ।संसदीय सर्वोच्चता

चुनावी बहस हेर्दा लाग्छ, मानौं यो निर्वाचन प्रधानमन्त्री छान्नका लागि मात्र हुँदै छ । यसमा कसैको ठूलो फरक मत छैन, तैपनि संसदीय सर्वोच्चता कायम होस् भन्ने धेरैको भनाइ छ । नेपालमा संसदीय प्रणालीमा आधारित लोकतन्त्र छ, जहाँ सर्वोच्चता व्यक्तिको होइन, संसद्को हुन्छ । यही यथार्थ घोषणापत्रमा झल्किनुपर्छ । यो दलहरूको दायित्व पनि हो । जेन-जी आन्दोलनले उठाएको मुद्दा व्यवस्था परिवर्तनभन्दा पनि सुशासनको थियो । त्यसैले व्यवस्थामाथि खेलबाडलाई बढावा दिनु रूचिकर हुँदैन । 'प्रधानमन्त्री भएपछि म के गर्छु ?' भन्ने भाष्यबाट बाहिर निस्केर, 'संसद्मार्फत सरकार कसरी सञ्चालन हुन्छ ?' भन्ने दृष्टिकोण आवश्यक छ । घोषणापत्रले यसको सुनिश्चितता कसरी हुन्छ, त्यो झल्काउनुपर्नेछ । पछिल्लो तीन कार्यकाल हेर्दा संसद् प्रभावकारी हुन सकेको थिएन । संसद्ले बिजनेस नपाउने र सांसद पनि न्यून उपस्थिति भएको अवस्था थियो । त्यसैले संसद्लाई प्रभावकारी बनाउन दलहरूले सक्रियता देखाउनुपर्छ ।

घोषणापत्रमा संसद्लाई कार्यकारी शक्तिमाथि निगरानी गर्ने प्रभावकारी संस्थाका रूपमा कसरी सशक्त बनाइन्छ भन्ने विषय स्पष्ट गर्नुपर्छ । संसदीय समितिहरूको भूमिका, अध्यादेशको सीमित प्रयोग र विधायिकाको सर्वोच्चताबारे ठोस प्रतिबद्धता आवश्यक छ । प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर मतदाता आकर्षित गर्दैगर्दा घोषणापत्रले प्रधानमन्त्री संसद् र पार्टीप्रति पूर्ण रूपमा उत्तरदायी रहने स्पष्ट सन्देश दिनुपर्छ । नीति निर्माणको केन्द्र संसद् हुनुपर्छ, कार्यकारी शक्ति त्यसको कार्यान्वयनकर्ता मात्र हो भनेर विश्वास दिलाउन सक्नुपर्छ ।

घोषणापत्रले सांसदहरु विकासका ठेकेदार वा आयोजना बाँड्ने क्याडर होइनन्, उनीहरूको मुख्य भूमिका कानुन निर्माण, नीतिगत बहस र कार्यकारीमाथि निगरानी गर्नु हो भन्ने विषय पनि स्पष्ट रूपमा स्थापित गर्नुपर्छ ।

व्यक्तिकेन्द्रित होइन, सामूहिक नेतृत्व

नेपाली राजनीतिमा शक्ति व्यक्तिमा केन्द्रित हुँदै गएको गुनासो नयाँ होइन । २० वर्षयता सीमित व्यक्ति वरपर राजनीति घुमेका कारणले सुशासनका मुद्दाले ठाउँ पाएन । तर यही समस्या समाधान गर्ने पहिलो दस्ताबेज घोषणापत्र हुन सक्छ । विश्वसनीय घोषणापत्रले पार्टी र सरकारभित्र निर्णय कसरी सामूहिक रूपमा हुन्छ भन्ने स्पष्ट गर्नुपर्छ । नीति निर्माण, मन्त्री चयन र सरकारको कार्यसम्पादनको मूल्यांकन कसरी गरिन्छ भन्ने विषय घोषणापत्रमै उल्लेख हुनुपर्छ । अब हामीलाई प्रक्रिया बलियो नबनाउने छुट छैन ।

सरकारको कामकारबाहीको पार्टीले कसरी निगरानी गर्छ ? पार्टीका सांसदको भूमिका के हुन्छ ? यी प्रश्नहरूको उत्तर निर्वाचनअघि नै दिने हो भने पछि छुट पाउने तर्क खोज्नु पर्दैन । पार्टीलाई पनि सही गतिमा हिँडाउन सकिन्छ । लोकतन्त्र व्यक्तिको लोकप्रियतामा होइन, संस्थागत संरचनामा टिक्छ । लोकतन्त्रमा व्यक्ति हैन, व्यवस्था टिक्ने हो भन्ने विषय बुझाउन सक्नुपर्छ ।

वाचा होइन, शासन प्रणाली र नियतको स्पष्टता

सुशासनको आधार स्पष्ट नियम, समावेशी निर्णय प्रक्रिया र समान कानुनी व्यवहार हो । घोषणापत्रले नीतिगत निर्णयमा मनपरी होइन, नियममा आधारित शासन कसरी सुनिश्चित गरिन्छ भन्ने स्पष्ट गर्नुपर्छ । अब नागरिकलाई ठूला नारा र आकर्षक वाचाले मात्र विश्वास दिलाउन सकिँदैन । उनीहरूलाई चाहिएको छ, शासन कसरी चल्छ भन्ने स्पष्टता । घोषणापत्रले नीति कसरी बनाइन्छ, कसरी कार्यान्वयन हुन्छ र पाँच वर्षभित्र त्यसको समीक्षा कसरी गरिन्छ भन्ने रोडम्याप दिनुपर्छ । नत्र भने यो कर्मकाण्डी मात्र हुन जान्छ ।

कार्यकारी, विधायिका र न्यायपालिकाबीचको शक्ति सन्तुलन कसरी कायम गरिन्छ भन्ने विषय स्पष्ट हुनुपर्छ । हुन त निर्वाचनमा होमिएका दलहरु सबैले बहुमत नै ल्याउने भनेर होमिएका हुन्छन् । तर गठबन्धन सरकारको सम्भावनालाई स्वीकार गर्दै, संसद्को पूर्ण कार्यकाल कसरी सुनिश्चित गरिन्छ भन्ने प्रतिबद्धता पनि घोषणापत्रमा लेखिए राम्रो हुन्छ । राजनीतिक अस्थिरतालाई नियति होइन, व्यवस्थापन गर्न सकिने चुनौतीका रूपमा प्रस्तुत गर्न सक्नु आजको आवश्यकता हो ।

घोषणापत्रले सुशासनलाई नारा होइन, संस्थागत अभ्यासका रूपमा परिभाषित गर्नुपर्छ । कार्यकारी, विधायिका र न्यायपालिकाबीचको शक्ति सन्तुलन कसरी कायम गरिन्छ भन्ने विषय स्पष्ट हुनुपर्छ । मन्त्रिपरिषद्, मन्त्रालय र निकायबीचको भूमिका र सिमाना अस्पष्ट हुँदा शक्ति दुरूपयोग बढ्ने भएकाले, अधिकार र जिम्मेवारीको स्पष्ट विभाजन घोषणापत्रमै प्रतिबद्धताका रूपमा आउनुपर्छ । अख्तियार, महालेखा, लोक सेवाजस्ता संवैधानिक निकायहरूको स्वतन्त्रता र प्रभावकारिता कसरी सुनिश्चित गरिन्छ, राजनीतिक हस्तक्षेपबाट कसरी जोगाइन्छ जस्ता विषय घोषणापत्रमै प्रतिबद्धताका रूपमा आउनुपर्छ । साथै, पारदर्शिता, द्वन्द्व व्यवस्थापन, सार्वजनिक नियुक्तिमा 'मेरिट' प्रणाली र सूचना सार्वजनिक गर्ने अभ्यासलाई कसरी नियमित बनाइन्छ भन्ने स्पष्ट कार्ययोजनाबिना सुशासनको विषय अर्थहीन हुन्छ ।

सार्वजनिक स्रोतको प्रयोगमा पारदर्शिता सुशासनको केन्द्र हो । बजेट निर्माणदेखि खर्च कार्यान्वयनसम्म खुला बजेट प्रक्रिया, सार्वजनिक खरिद प्रणालीमा पूर्ण पारदर्शिता र ठूला परियोजनामा अनिवार्य सार्वजनिक सुनुवाइको व्यवस्था घोषणापत्रमा स्पष्ट हुनुपर्छ । भ्रष्टाचार नियन्त्रण दण्डको डरले होइन, प्रणाली सुधारबाट सम्भव हुन्छ भन्ने दृष्टिकोण घोषणापत्रले आत्मसात् गर्नुपर्छ ।

सुशासन नागरिक सहभागिताबिना सम्भव हुँदैन । नीति निर्माणमा नागरिक सुझाव कसरी लिइन्छ, स्थानीय तहदेखि संघसम्म सार्वजनिक परामर्शलाई कसरी संस्थागत गरिन्छ र असहमति तथा आलोचनालाई कसरी लोकतान्त्रिक प्रक्रियाको हिस्सा बनाइन्छ, यी विषय घोषणापत्रमा प्रतिबद्धताका रूपमा आउनुपर्छ ।

मापनयोग्य प्रतिबद्धता

पहिलो १०० दिनका स्पष्ट प्राथमिकता, पाँच वर्षका लागि ठोस कार्ययोजना र प्रगति मापन गर्ने आधार उल्लेख हुनुपर्छ । घोषणापत्र चाहनाको सूची होइन, नागरिक र राजनीतिक दलबीचको सामाजिक करार हो । त्यसैले यसमा पहिलो १०० दिनका स्पष्ट प्राथमिकता, पाँच वर्षका लागि ठोस कार्ययोजना र प्रगति मापन गर्ने आधार उल्लेख हुनुपर्छ । संघीयताको प्रभावकारी कार्यान्वयन, संघ-प्रदेश-स्थानीय तहबीचको समन्वय र न्यायपालिकाको स्वतन्त्रताप्रति स्पष्ट र मापनयोग्य प्रतिबद्धता आज अनिवार्य भइसकेका छन् । नत्र भने घोषणापत्र 'हुनेछ' र 'गरिनेछ' जस्ता भाषामै सीमित हुने पक्का छ ।

घोषणापत्र सामाजिक करार हो भने त्यसको नियमित मूल्यांकन र सार्वजनिक समीक्षा अनिवार्य हुनुपर्छ । दलहरूले ६ महिनामा वा बर्सेनि घोषणापत्र कार्यान्वयनको प्रगति सार्वजनिक गर्ने प्रतिबद्धता जनाउनुपर्छ । संसद्मा प्रगति प्रतिवेदन पेस गर्ने, नागरिक समाज र सञ्चारमाध्यमका लागि खुला समीक्षा संयन्त्र बनाउने तथा प्रमुख वाचाहरूका लागि स्पष्ट सूचक तय गर्ने अभ्यास घोषणापत्रमै उल्लेख हुनुपर्छ । यसले घोषणापत्रलाई चुनावी कागजबाट निरन्तर जवाफदेहिताको औजारमा रूपान्तरण गर्छ ।

यसका साथै, घोषणापत्र कार्यान्वयनको मूल्यांकन केवल सरकारको आत्ममूल्यांकनमा सीमित हुनु हुँदैन । स्वतन्त्र मूल्यांकन संयन्त्र, संसदीय सुनुवाइ र नागरिक सहभागितामा आधारित सामाजिक अडिटजस्ता अभ्यासलाई संस्थागत गर्ने प्रतिबद्धता पनि घोषणापत्रमै समेटिनुपर्छ । निर्वाचनका बेला मात्र होइन, शासन अवधिभर नागरिकसँग संवाद गर्ने, आलोचना स्वीकार गर्ने र आवश्यक परे नीतिगत सुधार गर्ने राजनीतिक परिपक्वताबिना मापनयोग्य प्रतिबद्धताको अर्थ रहँदैन । घोषणापत्रलाई जिउँदो दस्ताबेजका रूपमा स्वीकार गर्ने संस्कृति विकास भए मात्र यसले सत्ता होइन, लोकतन्त्रलाई सेवा गर्ने आधार तयार गर्छ । - *कान्तिपुर*

सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना, ठेकेदारको ३.६० अर्ब बैंक ग्यारेन्टी जफत हुने



काठमाडौं । सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनामा बाँध, विद्युत्गृहलगायतका सिभिल संरचना निर्माणको ठेक्का तोडिएको पटेल–रमण जेभीबाट तीन अर्ब ६० करोड बैंक ग्यारेन्टी जफत हुने भएको छ । सर्वोच्च अदालले निर्माण कम्पनीलाई यसअघि नै दिएको अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश जारी गरेसँगै सिँचाइ विभागलाई निर्माण कम्पनीबाट तीन अर्ब ६० करोड जफत हुने पक्का भएको हो ।

मंगलबार न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश जारी गरेसँगै कम्पनीको जमानत जफत हुने पक्का भएको सिँचाइ विभागका महानिर्देशक मित्र बरालले बताए ।

ठेक्का सम्झौता गर्दा पटेल–रमण जेभीले कार्यसम्पादन जमानतबापत दुई अर्ब ४० करोड रूपैयाँबराबरको बैंक ग्यारेन्टी पेस गरेको थियो । साथै, कम्पनीले एक अर्ब २० करोड रूपैयाँ अग्रिम भुक्तानी लगेको थियो । त्यसका लागि पनि बैंक ग्यारेन्टी पेस गरिएको थियो । यी दुई गरेर तीन अर्ब ६० करोड रूपैयाँ बैंक ग्यारेन्टी जफत हुने पक्का भएको हो । यसमा प्रभु, ग्लोबल आइएमई, प्राइम कमर्सियल र कुमारी बैंक जमानी बसेका छन् । त्यसमा ग्लोबल आइएमई बैंकको सबैभन्दा धेरै हिस्सा छ ।

यद्यपि, कम्पनीले हालसम्म गरेको कामको भने भुक्तानी पाउनेछ । विभागले निर्माण कम्पनीबाट भएको कामको मूल्यांकन गरेर भुक्तानी दिनेछ । हाल साबिक निर्माण कम्पनीबाट भएको कामको मूल्यांकन गर्ने काम भइरहेको महानिर्देशक बरालले बताए ।

'हाल पुरानो ठेकेदारले गरेको कामको मूल्यांकन गर्ने काम भइरहेको छ । मूल्यांकन प्रक्रियापछि देखिने हिसाबका आधारमा निर्माण कम्पनीले भुक्तानी पाउनेछ,' उनले भने । राष्ट्रिय गौरवको उक्त आयोजनाको बाँध, विद्युत्गृहलगायतका सिभिल संरचना र गेटलगायतका हाइड्रोमेकानिकल उपकरण आपूर्ति तथा जडान गर्न पटेल–रमण जेभीसँग १४ अर्ब आठ करोड रूपैयाँ (करसहित)मा १७ पुस ०७९ मा ठेक्का सम्झौता भएको थियो । ठेक्काको म्याद ५५ महिना अर्थात् १८ असार ०८४ सम्म थियो ।

तर, सम्झौता गरेको ६१ प्रतिशत समय सकिँदासम्म १० प्रतिशत मात्रै काम भएपछि गत २५ कात्तिकमा ठेक्का सम्झौता तोडिएको थियो । अन्तरिम सरकारका तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङको पहलमा ठेक्का तोडिएको थियो ।

ठेक्का तोड्दा जमानत पनि जफत गर्नुपर्छ । सोहीअनुसार विभागले जमानत जफत गर्ने प्रक्रिया पनि अघि बढाएको थियो । तर, यता निर्माण कम्पनीले जमानत जफत नगर्नुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट दायर गरेको थियो । त्यसमा १० मंसिरमा न्यायाधीश टेकप्रसाद ढुंगानाको एकल इजलासले धरौटी जफतको प्रक्रिया यथास्थितिमा राख्नु भनेर अल्पकालीन अन्तरिम आदेश दिएको थियो । त्यसपछि धेरौटी जफत अघि बढ्न सकेको थिएन । त्यसपछि अन्तरिम आदेश सम्बन्धमा मंगलबार भएको सुनुवाइमा सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने भन्दै आदेश जारी गरेको हो । अधिवक्ता उमेश स्म्राखेतीले यो कोशेढुंगा भएको बताए । 'सुनकोशी-मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको ठेक्का तोडिएको कार्य, पेस्की जमानत जफत, कार्यसम्पादन जमानत जफतलगायतका सरकारी निर्णय अगाडि बढाउन सर्वोच्च अदालतले बाटो खुला गरिदिएको छ । इन्जिनियरिङ काम गराउने सरकारी कार्यालय र निर्माण उद्योगका लागि कोशेढुंगा हो,' उनले भने, 'तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङको छोटो कार्यकालमा निर्माण उद्योगको अराजकता अन्त्य गर्न चालिएको एक ठुलो कदमले सफलता पाएको छ ।'

योसँगै विभागले तीन अर्ब ६० करोड रूपैयाँको बैंक ग्यारेन्टी जफतको प्रक्रियासमेत अगाडि बढाउने भएको छ । विभागका महानिर्देशक मित्र बरालले अब जमानत जफत प्रक्रिया अघि बढ्ने बताए । 'यसअघि अल्पकालीन अन्तरिम आदेशका कारण प्रक्रिया अघि बढाउन पाएका थिएनौं,' उनले भने, 'सर्वोच्चले बाटो खुला गरेको छ । अब यसको प्रक्रिया अघि बढ्छ ।'

विभागले बाँकी कामका लागि नयाँ ठेक्का आह्वान गर्ने तयारी पनि अघि बढाइसकेको छ । हाल परियोजनामा पटेल-रमणले गरेको काम र बाँकी कामको विस्तृत मूल्यांकन गर्ने काम भइरहेको छ । त्यो टुंग्याएर अबको दुई-तीन महिनामा नयाँ टेन्डर आह्वान गर्ने विभागको तयारी छ । अब बाँकी काम गर्न नयाँ लागत अनुमान पनि गर्नुपर्नेछ । यसअघि यो प्याकेजको निर्माणमा १८ अर्ब रूपैयाँ बढी लागत अनुमान थियो । त्यसमा पटेल-रमण जेभीले लो बिड गरेर १४ अर्ब आठ करोडमा ठेक्का सम्झौता गरेको थियो । अब नयाँ ठेक्का कुन रकममा सम्झौता हुन्छ, त्यो भने हेर्न बाँकी छ ।

निर्वाचन आचारसंहिताले रोक्यो बिमा प्राधिकरणको अध्यक्ष नियुक्ति

काठमाडौं । निर्वाचन आचारसंहिताका कारण नेपाल बिमा प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया तत्काललाई रोकिएको छ । अब चुनावपछि मात्रै अध्यक्ष नियुक्तिको प्रक्रिया अघि बढाउने तयारीमा अर्थ मन्त्रालय पुगेको छ । सम्भवतः चुनावपछि आउने सरकारले प्राधिकरणको अध्यक्ष नियुक्ति गर्नेछ ।

सर्वोच्च अदालतले प्राधिकरणको अध्यक्षबाट बर्खास्तविरूद्ध शरद ओझालाई दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने गरी गत १८ माघमा आदेश जारी गरेको छ । न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश दिएको थियो ।

गत १२ फागुनमा मन्त्रिपरिषद्ले ओझालाई प्राधिकरणको अध्यक्ष नियुक्त गरेको थियो । तर, त्यसमा विवाद आएपछि सरकारले छानबिन समिति बनाएर २ भदौमा ओझालाई बर्खास्त गरेको थियो । त्यसपछि सरकारले नयाँ अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढायो । १५-२१ भदौको म्याद राखेर अध्यक्षका लागि आह्वान गरिएको प्रस्तावमा १४ जनाले आवेदन दिएका छन् । उता ओझाले २२ भदौमा आफ्नो बर्खास्तविरूद्ध रिट दिए । त्यसमा २३ फागुनमा सर्वोच्च अदालतका न्यायाधीश सारंगा सुवेदीको इजलासले अल्पकालीन अन्तरिम आदेश दिएको थियो । नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया पनि यथास्थितिमा रह्यो । त्यसपछि जेन-जी आन्दोलनको प्रभावले अदालत बन्द भएपछि ओझाले लिखित आदेश पाउन सकेनन् । पछि लिखित आदेश आए पनि उनलाई अर्थ मन्त्रालयले प्राधिकरणमा हाजिर गर्न दिएन । उनले अर्थमन्त्री रामेश्वर खनाललाई अदालतको अवहेलनासम्बन्धी मुद्दासमेत हालेका थिए । तर, बर्खास्तविरूद्ध र अवहेलनाको मुद्दामा लामो समयसम्म अन्तरिम आदेशका लागि सुनुवाइ भएन । गत १८ भदौमा पनि सर्वोच्चले अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दै अल्पकालीन अन्तरिम आदेश पनि निरन्तर नहुने गरी आदेश जारी गरेको हो ।

योसँगै नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया अघि बढाउन बाटो खुला भएको छ । तर, निर्वाचन आचारसंहिताका कारण त्यो तत्काल सम्भव नहुने देखिएको छ । २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरेर गत माघ ५ गतेदेखि आचारसंहिता लागू भएको छ । यो अवधिमा सरकारले नियुक्ति तथा ठुला निर्णय गर्न पाउँदैन । अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले निर्वाचन आचारसंहिताका कारण तत्काल प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया तत्काल अघि नबढ्ने बताए । 'अदालतको आदेशसँगै नयाँ अध्यक्ष नियुक्ति गर्न बाटो खुला भएको छ । तर, निर्वाचन आचारसंहिताका कारण तत्काल अध्यक्ष नियुक्ति गर्न नमिल्ने देखियो । तसर्थ, अब चुनावपछि मात्रै प्राधिकरणको अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढ्नेछ,' उनले भने, 'त्यसवेलासम्म हामीले आन्तरिक तयारी भने पूरा गर्छौं ।'

अब सरकारले पुरानो प्रक्रिया खारेज गरेर पुनः सुरूदेखि नै प्रक्रिया अघि बढाउन सक्छ । वा, अहिले रोकिएकै प्रक्रियामा म्याद थप गरेर वा सोही विन्दुबाट थप कारबाही अघि बढाउन सक्छ । 'अहिले आवेदन दिएमध्येमा सरकारले चाहेको व्यक्ति छ भने यही प्रक्रिया अघि बढ्न सक्छ । अन्यथा म्याद थप पनि हुन सक्छ,' एक कर्मचारीले भने, 'यो पूर्णतः सरकारको हातमा छ ।' अहिले प्राधिकरण अध्यक्षको जिम्मेवारी सचिव चन्द्रकला पौडेललाई तोकिएको छ ।

खेलकुद

दीपेन्द्रसिंह ऐरीले पाकिस्तान सुपर लिग खेल्ने

नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी पाकिस्तान सुपर लिग(पिएसएल) खेल्ने भएका छन् । दीपेन्द्रलाई पिएसएलको टोली इस्लामावाद युनाइटेडले ६० लाख पाकिस्तानी रूपैयाँ(३१ लाख नेपाली रूपैयाँ) मा अनुबन्ध गरेको छ। पिएसएलको यसै ११औं संस्करणबाट सुरू भएको अक्सनबाट इस्लामाबादले सुरूवाती रकममा दीपेन्द्रलाई अनुबन्ध गरेको हो। सन्दीप लामिछानेपछि पिएसएल खेल्ने दीपेन्द्र दोस्रो नेपाली खेलाडी बनेका छन्।

पाकिस्तानी स्पिनर उस्मानको बलिङ एक्सन परीक्षण हुने

आइसिसी टी-२० विश्वकपअन्तर्गत समूह 'ए'मा भारत र पाकिस्तानबिच हुने बहुप्रतीक्षित प्रतिस्पर्धा १५ फेब्रुअरीमा हुँदै छ । यो खेल श्रीलंकाको प्रेमादासा रंगशालामा हुनेछ । भारतविरूद्ध मैदानमा प्रवेश गर्नुअघि पाकिस्तानले ठुलो झट्का सामना गर्नुपर्ने देखिएको छ । कोलम्बोमा मंगलबार राति अमेरिकामाथि ३२ रनको जित निकालेको पाकिस्तानका मुख्य स्पिनर उस्मान तारिकको बलिङ एक्सन परीक्षण हुने आइसिसीले जनाएको छ ।

उस्मानले अमेरिकाविरूद्ध २७ रन खर्चेर तीन विकेट लिएका थिए । आइसिसीको प्राविधिक टोलीले लिने परीक्षणमा पास हुँदा मात्र उस्मानले भारतविरूद्ध प्रतिस्पर्धा गर्ने अवसर पाउनेछन् । प्राविधिक टोलीले उनको बलिङ एक्सन नियमभन्दा बाहिर रहेको रिपोर्ट बुझाउँदा उस्मान प्रतियोगिताबाट बाहिरिन सक्छन् । पाकिस्तानले उस्मानको बलिङ एक्सन परीक्षणबारे प्रतिक्रिया दिएको छैन । विश्वकपमा प्रतिस्पर्धा गरिरहेका बलरमध्ये उस्मानको बलिङ एक्सन बिल्कुल फरक छ ।

पाकिस्तानले उस्मानलाई मिस्ट्री लेगस्पिनरका रूपमा टोलीमा समावेश गरेको हो । दायाँहाते स्पिनर उस्मानको बलिङ गर्ने तरिका अन्य बलरको भन्दा भिन्न देखिन्छ । क्रिजमा उसको रनअप सामान्यभन्दा लाग्छ । बल रिलिज गर्नुअघि क्रिज लाइनमा उनी दुई सेकेन्डजति रोकिन्छन् । त्यसपछि उनी अफ ब्रेक स्पिनर गर्दै बल फ्याँक्छन् । अमेरिकी ब्याटरहरूले पनि उनको बलिङ गर्ने शैली फरक र बुझ्न नसकिने बताइसकेका छन् । यही फरक बलिङ एक्सनका कारण उस्मान विश्वकपमा अहिले चर्चाका बलर बनेका छन् । आइसिसीले पनि अमेरिकाविरूद्धको प्रतिस्पर्धामा उस्मानको बलिङ एक्सन पुनः एकपटक परीक्षण गर्नुपर्ने जनाएको हो । पाकिस्तानका कप्तान सलमान अघाले उस्मान टोलीकै म्याच विनिङ बलर भएको प्रतिक्रिया दिएका छन् । 'अरु बलरभन्दा उसको बलिङ शैली फरक छ । तर, सबै किसिमको टेस्टपछि टोलीमा राखिएको हो,' कप्तान अघाले भने, 'हामीलाई विश्वास छ- यसपटक पनि सहजै बलिङ परीक्षणमा उत्तीर्ण हुनेछ ।'

उस्मानको बलिङ एक्सन पहिलोपटक शंकास्पद भएको होइन । सन् २०२४ मा पनि पाकिस्तान सुपर लिगमा उनको बलिङ एक्सनमाथि छानबिन भएको थियो । लाहोरमा रहेको राष्ट्रिय क्रिकेट सेन्टरमा उनको बलिङ टेस्ट भयो । जहाँ उनको बलिङ सही भएको रिपोर्ट आएको थियो । त्यसपछि उनले पिएसएलमा नियमित बलिङ गर्ने अवसर पाए ।

कर्पोरेट

● नेपाल पे कार्ड जारी गर्ने पहिलो बैंक बन्यो सिटिजन्स

सिटिजन्स बैंक इन्टरनेसनल नेपाल पे कार्ड जारी गर्ने पहिलो बैंक बनेको छ । बैंक र नेपाल क्लियरिङ हाउस (एनसिएचएल)बिच एनपिएस-नेपाल कार्ड स्विचअन्तर्गत डोमेस्टिक कार्ड स्किममार्फत नेपाल पे कार्ड सञ्चालन गर्न मंगलबार सम्झौतासमेत भएको छ । सम्झौतापत्रमा बैंकका सिइओ गणेशराज पोखरेल र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन् । सम्झौताअन्तर्गत बैंकले एनसिएचएलको इलेक्ट्रोनिक फन्ड ट्रान्सफरभित्र नेपाल पे जारी गर्ने पहिलो बैंक बनेको छ । यसपश्चात् बैंकका एटिएम तथा पोसहरूमा नेपाल पे कार्डका साथै डिस्कभर, डिनर्स, पल्सजस्ता अन्तर्राष्ट्रिय कार्ड पनि चल्नेछन् । बैंकका ग्राहकले छिट्टै एनसिएचएलद्वारा जारी गरिने नेपालको आफ्नै कार्ड स्किम नेपाल पे कार्ड पनि प्राप्त गर्न सक्ने बैंकले जनाएको छ ।

● जेहेनदार ७५ विद्यार्थीलाई एनआइसी एसियाको छात्रवृत्ति

एनआइसी एसिया बैंकले ७५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । बैंकले काठमाडौं उपत्यकाबाहिरका सरकारी तथा सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थीबाट आएका आवेदनबाट छनोट गरी ७५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको हो ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले सातै प्रदेशमा सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको प्रतिनिधित्व हुने गरी छात्रवृत्तिका लागि आवेदन आह्वान गरेको थियो ।

प्राप्त आवेदनबाट छनोट गरी विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न, पिछडिएका वर्ग तथा अपांगता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको बैंकले जनाएको छ । बैंकले यस्तो सहयोग विगतका वर्षमा पनि गर्दै आएको थियो । साथै, सातै प्रदेशमा पुस्तकालय भवन निर्माण गरी पुस्तकालय स्थापना गरिएको पनि बैंकले जनाएको छ ।

● नबिल इन्भेस्टमेन्ट १६औँ वर्षमा

पुँजी बजार तथा लगानी व्यवस्थापन क्षेत्रमा निरन्तर योगदान दिँदै आएको नबिल इन्भेस्टमेन्ट १६औँ वर्षमा प्रवेश गरेको छ । सो अवसरमा कम्पनीले सामाजिक उत्तरदायित्वअन्तर्गत नक्साल, नारायणचौरमा रक्तदान कार्यक्रम सञ्चालन गरेको छ । कम्पनी ०६६ साल माघ २३ मा स्थापना भएको थियो । हालसम्म आइपुग्दा व्यावसायिकता, सुशासन, पारदर्शिता र ग्राहककेन्द्रित सेवाका माध्यमबाट संस्थागत विश्वास निर्माण गर्न सफल रहेको कम्पनीले जनाएको छ । कम्पनीले बदलिँदो वित्तीय परिवेशमा आफूलाई निरन्तर परिमार्जन गर्दै संस्थाले विभिन्न लगानी तथा परामर्श सेवा प्रदान गर्दै आएको छ ।

● हिमालयन लाइफको साधारणसभा

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको १९औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ । बुधबार सम्पन्न सभाले गत आर्थिक वर्षको सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा-नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्बन्धित अनुसूची सर्वसम्मतिले पारित गरेको छ । यस्तै, सभाले स्वतन्त्र सञ्चालक गोपाल घिमिरे र सञ्चालक दीपक नेपालको नियुक्ति पनि अनुमोदन गरेको छ । त्यस्तै, सभाले कम्पनीको सहायक कम्पनी हिमालयन इन्भेस्टमेन्ट बैंकर लिमिटेडको गत आवको वित्तीय विवरण अनुमोदन गरेको छ । कम्पनीका अध्यक्ष शुलभ अग्रवालको सभापतित्वमा भएको थियो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत कपिलकुमार दाहालले सेयरधनीको जिज्ञासाको जवाफ दिँदै कम्पनीलाई आगामी दिनमा अग्रणी कम्पनी बनाउन सेयरधनीको सुझाब मान्ने धारणा राखे ।

● सिद्धार्थ फर्मास्युटिकल्सले आइपिओ जारी गर्ने

सिद्धार्थ फर्मास्युटिकल्स लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ । आइपिओ निष्कासनका कम्पनीले सिद्धार्थ क्यापिटल लिमिटेडलाई धितोपत्र निष्कासक तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ ।

नियुक्तिसम्बन्धी सम्झौतापत्रमा सिद्धार्थ फर्मास्युटिकल्सका तर्फबाट अध्यक्ष डा. ऋषिराम शर्मा तथा सिद्धार्थ क्यापिटलका तर्फबाट चिफ बिजनेस अफिसर रिकेश श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

कम्पनीले प्रतिकित्ता १०० रूपैयाँ अंकित दरका १० लाख कित्ता सेयर सर्वसाधारणका लागि निष्कासन गर्न लागेको हो । २०४३ माघ ११ गते स्थापना भएको सिद्धार्थ फर्मास्युटिकल्सले २०४६ सालदेखि औपचारिक रूपमा औषधि उत्पादन गरिरहेको छ । यसको उद्योग तिलोत्तमा- १५ रूपन्देहीमा छ ।

● सहारा फुटबल एकेडेमीलाई लुम्बिनी विकास बैंकको आर्थिक सहयोग

लुम्बिनी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सहारा फुटबल एकेडेमीलाई अढाई लाख रूपैयाँ सहयोग गरेको छ । सहारा क्लब पोखराद्वारा पोखरा- १७ दोबिल्ला, कास्कीमा सञ्चालित उक्त एकेडेमीलाई सहयोग गरिएको हो । बैंकका सञ्चालक समिति सदस्य रामचन्द्र सिग्देलले सहारा क्लब पोखराका अध्यक्ष केशवबहादुर थापालाई सो रकमबराबरको चेक हस्तान्तरण गरे । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन आचार्य, पोखरास्थित शाखाका प्रबन्धक, क्लबका निवर्तमान अध्यक्ष विक्रम थकालीको उपस्थिति थियो ।

सहयोग हस्तान्तरणपछि आचार्यले एकेडेमीमा आश्रित बालबालिकालाई निरन्तर सहयोग गर्न पाउँदा खुसी लागेको बताए । बैंकले प्रदान गरेको आर्थिक सहयोगप्रति क्लबका अध्यक्ष थापाले सहयोग रकम एकेडेमीमा आश्रित बालकबालिकाको खाजा र खानाका लागि खर्च गरिने जानकारी गराए ।

● अपर रिचेतको सेयर बिक्री प्रबन्धकमा आरबिबी मर्चेन्ट

अपर रिचेत हाइड्रोपावरले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) सर्वसाधारणमा निष्कासन गर्ने भएको छ । कम्पनीले धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा आरबिबी मर्चेन्ट बैंकिङ लिमिटेडलाई नियुक्त गरेको छ । सेयर निष्कासन गर्नेबारे दुवै पक्षबिच सम्झौतासमेत भएको छ । सम्झौतापत्रमा आरबिबी मर्चेन्टका प्रमुख कार्यकारी अधिकृत (सिइओ) बद्रिप्रसाद प्याकुरेल र अपर रिचेतका कार्यकारी अध्यक्ष आनन्द प्रधानले हस्ताक्षर गरेका हुन् । अपर रिचेतले चुक्ता पुँजी ४० करोडको २० प्रतिशतले हुन आउने आठ लाख कित्ता सेयर जारी गर्ने तयारी गरेको छ । हाल प्रालि रहेको कम्पनी पब्लिकमा रूपान्तरण भई आइपिओमा जाने योजना बनाएको छ ।

● एनसेलको 'सेफर इन्टरनेट टुगेदर'

एनसेल फाउन्डेसन र नासा सेक्युरिटिजले 'सेफर इन्टरनेट टुगेदर (एसआइटी)' कार्यक्रम घोषणा गरेका छन् । सुरक्षित इन्टरनेट दिवस २०८२ को अवसरमा यो अभियान सुरू गरिएको हो । अभियानले देशभरका विद्यालयमा साइबर सुरक्षा, डेटा गोपनीयता तथा डिजिटल सुरक्षाका विविध पक्षबारे विद्यार्थीलाई जानकारी दिने लक्ष्य राखेको छ । यसबाट ५० हजारभन्दा बढी विद्यार्थी, शिक्षक तथा समुदाय सदस्य लाभान्वित हुने अपेक्षा गरिएको छ ।

हाल नमुना परियोजनाका रूपमा यो कार्यक्रम अघि सारिएको छ । कार्यक्रमअन्तर्गत बागमती, गण्डकी र मधेश प्रदेशका सरकारी, सामुदायिक तथा निजी विद्यालयलमा कक्षा तीनदेखि १२ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी साइबर सचेतना सत्र सञ्चालन गरिनेछ ।

साथै, इन्टरनेट सुरक्षासम्बन्धी हातेपुस्तक पनि तयार पारिएको छ । ती पुस्तक कार्यक्रम सत्रपश्चात् सम्बन्धित विद्यालयका सहभागी छात्र-छात्राहरूलाई वितरण गरिने एनसेलले जनाएको छ । पहिलो चरणमा तीन प्रदेशमा र आगामी आर्थिक वर्षमा अन्य प्रदेशमा पनि सञ्चालन गरिने योजना रहेको छ । यो वर्षको सुरक्षित इन्टरनेट दिवसको नारा 'स्मार्ट टेक, सेफ चोइसेस : एक्सप्लोरिङ द सेफ एन्ड रेस्पोन्सिबल युज अफ एआई' रहेको छ ।

कार्यक्रमको औपचारिक घोषणा पोखरास्थित राष्ट्रिय माध्यमिक विद्यालयमा मंगलबार आयोजित एसआइटी सत्रका क्रममा गरिएको थियो । कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत माइकल फोलेले डिजिटल सुरक्षा तथा कृत्रिम बौद्धिकताको जिम्मेवार प्रयोगबारे आफ्ना धारण साझा गरेका थिए । एसआइटी कार्यक्रम नेपालमा सुरक्षित अनि समावेशी डिजिटल इकोसिस्टम प्रवर्द्धन गर्ने एनसेल फाउन्डेसनको प्रतिबद्धतासँग जोडिएको छ । यो सहकार्यले दुवै संस्थालाई जिम्मेवार डिजिटल प्रवर्द्धकका रूपमा स्थापित गर्ने बताइएको छ ।

नेपाललाई विश्व बैंकको पाँच लाख डलर ऋण स्वीकृत

विश्व बैंकले नेपालको सार्वजनिक सेवा र सार्वजनिक पूर्वाधारलाई डिजिटलाइज गर्न पाँच लाख अमेरिकी डलर ऋण स्वीकृत गरेको छ । विश्व बैंकका कार्यकारी निर्देशकहरूको बोर्डले यस्तो स्वीकृति दिएको हो ।

नेपाल डिजिटल ट्रान्सफर्मेसन परियोजनाले एकीकृत अनलाइन नागरिक सेवा पोर्टल र एकीकृत सामाजिक दर्तासहितका डिजिटल प्लाटफर्ममा लगानी गर्ने उल्लेख छ । यस परियोजनाअन्तर्गत सरकारीस्तरमा सुरक्षित डेटा आदानप्रदान प्रणाली तथा प्रमाणित कागजात र डिजिटल वालेट व्यवस्थापन गर्न डिजिटल लकर निर्माण गर्ने उल्लेख छ । यस परियोजनाले पहिलो चरणमा मालपोत प्रशासनलगायतका महत्वपूर्ण सरकारी सेवालाई डिजिटलाइज गर्न सहयोग गर्ने भनिएको छ । पछि अन्य सेवालाई चरणबद्ध रूपमा डिजिटलाइज गर्दै लैजाने उल्लेख छ । यसले निजी क्षेत्रको लगानी बढाउन कानुनी तथा नियामक ढाँचा सुधारमार्फत डेटा पूर्वाधार बजारलाई मजबुत बनाउने लक्ष्य राखेको छ । डिजिटल अर्थतन्त्रप्रति विश्वास बढाउन परियोजनाले इलेक्ट्रोनिक हस्ताक्षर, साइबर सुरक्षा र डेटा सुशासनमा पनि लगानी गर्ने भनिएको छ।

'डिजिटल प्लाटफर्ममा लगानी गरी सेवालाई डिजिटलाइज गर्दै यस परियोजनाले जनतासहित व्यवसायलाई पनि समावेशी र पारदर्शी तरिकाले सेवा प्रदान गराउन मद्दत गर्नेछ । यसले सेवा पहुँच, सार्वजनिक क्षेत्रको कार्यकुशलता र सुशासन सुधार्नेछ,' विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका क्षेत्रीय निर्देशक डेविड सिसलेनले भने ।

यो परियोजना विश्व बैंक र एसियाली विकास बैंकबिचको संयुक्त सहवित्तीय व्यवस्थामा सञ्चालन हुनेछ । परियोजना सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय परिचयपत्र विभागमार्फत कार्यान्वयन गरिनेछ ।

● सूर्यज्योति लाइफलाई 'इमर्जिङ इन्स्योरेन्स अवार्ड'

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीले 'इमर्जिङ इन्स्योरेन्स अवार्ड' प्राप्त गरेको छ । इन्डियन च्याम्बर अफ बैंककमा आयोजित छैटौं इमर्जिङ एसिया इन्स्योरेन्स अवार्ड-२०२५ मा कम्पनीलाई सो अवार्ड प्रदान गरिएको हो । कम्पनीले 'बेस्ट इनोभेसन्स लेड बार्ड टेक्नोलोजी एन्ड इन्स्योरटेक्स-नेपाल' विधामा अवार्ड पाएको हो ।

कार्यक्रममा नेपालसहित भारत, बंगलादेश, भुटान, श्रीलंका, म्यानमार, थाइल्यान्डलगायत अन्य देशका इन्स्योरेन्स कम्पनीका पदाधिकारीको उपस्थिति थियो । चार्टर्ड एकाउन्टेन्सी तथा कन्सल्टेन्सी संस्था पिलडब्लुसी, इन्डियन इन्स्टिच्युट अफ इन्स्योरेन्स, अन्तर्राष्ट्रिय बिमाविज्ञलगायतका संस्थाबाट मूल्यांकन गरी वित्तीय सूचकांकमा उत्कृष्ट कार्यसम्पादनका आधारमा अवार्ड प्रदान गरिएको कम्पनीले जनाएको छ । अवार्ड कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराईले ग्रहण गरेका थिए, जहाँ कम्पनीका सञ्चालक चूडामणि देवकोटा, नायब प्रमुख कार्यकरी अधिकृत फर्शुराम मरासिनी र चिफ सपोर्ट सर्भिसेज उमेशप्रसाद मैनालीको पनि उपस्थिति रहेको थियो । हरेक सूचकांकमा उत्कृष्टता हासिल गर्दै नवप्रवर्तन र डिजिटलीकरणमा अलग्गै पहिचान बनाउँदै आइएको कम्पनीको दाबी छ ।

● केयुकेएल र एनसिएचएलबिच भुक्तानीसम्बन्धी सम्झौता

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) नेपाल क्लियरिङ हाउस (एनसिएचएल) मा आबद्ध भएको छ । भुक्तानीसम्बन्धी कारोबारलाई अटोमेट गर्न यी दुवै पक्षबिच सम्झौता भएको हो ।

सम्झौतापत्रमा केयुकेएलका कार्यकारी निर्देशक अशोककुमार पौडेल र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका थिए । केयुकेएलले एनसिएचएलको भुक्तानी प्रणाली प्रयोग गरी डिजिटल माध्यमबाट भुक्तानी संकलन तथा वितरण सुरू गरेको छ ।

सम्झौतापश्चात् केयुकेएलको आन्तरिक प्रणालीलाई एनसिएचएलको नेसनल पेमेन्ट इन्टरफेस (एनपिआई)सँग जोडी विभिन्न भुक्तानी उपकरण प्रयोग गर्न सुरू गरिएको हो । यसअन्तर्गत एनसिएच-आइपिएस र आरपिएस प्रणालीमार्फत तलब भुक्तानी, भेन्डर भुक्तानी, सरकारी राजस्व, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोषका भुक्तानीलगायतका भुक्तानीसम्बन्धी कारोबार गर्न सकिनेछ ।

● सिद्धार्थ फर्मास्युटिकल्सले १० लाख कित्ता आइपिओ निष्कासन गर्ने

सिद्धार्थ फर्मास्युटिकल्स लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) गर्ने भएको छ। आइपिओ निष्कासनका लागि कम्पनीले सिद्धार्थ क्यापिटल लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकको रूपमा नियुक्त गरेको छ। कम्पनीले १०० रूपैयाँ अंकित दरका १० लाख कित्ता सेयर सर्वसाधारणका लागि निष्कासन गर्न लागेको हो। यस सम्बन्धमा मंगलबार नक्सालस्थित सिद्धार्थ क्यापिटलको कार्यालयमा दुवै पक्षबिच औपचारिक सम्झौता सम्पन्न भएको छ।

सम्झौतापत्रमा सिद्धार्थ फर्मास्युटीकल्सका तर्फबाट अध्यक्ष डा. ऋषिराम शर्मा तथा सिद्धार्थ क्यापिटलका तर्फबाट चिफ बिजनेस अफिसर रिकेश श्रेष्ठले हस्ताक्षर गरेका छन्।

● कनेक्ट किसान र एनएएमपीबिच किसानलाई डिजिटल सल्लाह उपलब्ध गराउन सम्झौता

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (एनएएमपी) र कनेक्ट किसान प्रालिबिच समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।

कनेक्ट किसानको तर्फबाट निर्देशक राजन दाहाल र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको तर्फबाट कार्यक्रम निर्देशक हिक्मतकुमार श्रेष्ठले सोमबार समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्।

यस सम्झौताको उद्देश्य नेपाली किसानलाई डिजिटल प्लाटफर्ममार्फत कृषिसम्बन्धी समस्या समाधानमा सजिलो बनाउनु हो। कनेक्ट किसानले विकसित गरेको भ्वाइस बेस र टेक्स्ट बेस एआई एडभाइजरी प्रविधिले किसानलाई खेतबारीमा प्रत्यक्ष सहायता पुऱ्याउनेछ। यो प्रणालीमा किसानले खेतीबारीमा काम गर्दा आउने समस्याजस्तै मल, बजार, रोग-किरा व्यवस्थापनको तत्काल समाधान वा सुझाव प्राप्त गर्न सक्ने बताइएको छ।

कनेक्ट किसानका निर्देशक राजन दाहालले भारतमा प्रविधिमैत्री किसानले एआईको प्रयोग गरेर उत्पादन वृद्धि गरिरहेका छन् भने नेपालमा पनि यस्ता प्रविधि प्रयोग गर्दा किसानलाई ठुलो फाइदा हुने बताए। उनका अनुसार किसानहरूले यदि नीतिगत समस्या वा बजारसँग सम्बन्धित चुनौती देखेका छन् भने वा खेतीमा रोग-किरासम्बन्धी अनुसन्धान आवश्यक छ भने उनीहरूले यी जानकारीहरु एआई प्रविधिको माध्यमबाट पठाउन सक्नेछन्। पठाइएको जानकारी संकलन गरी एनएएमपीले आवश्यक कदम चाल्न प्रयोग गरिनेछ।

● बँसीसहरमा कजारियाको सोरुम

कजारिया टायलले नेपालमा आफ्नो पहुँच विस्तार गर्ने क्रममा लमजुङको बँसीसहरमा नयाँ सोरूम सञ्चालनमा ल्याएको छ । न्यु आलम मार्बल एन्ड टाइल्सले सञ्चालन गर्ने यो सोरूमको उद्घाटन कजारियाका कन्ट्री म्यानेजर अभ्यास तिवारीले गरेका हुन् । यो नयाँ सोरूमले लमजुङ र वरिपरिको क्षेत्रमा बढ्दो टायलको मागलाई सम्बोधन गर्दै ग्राहकलाई आधुनिक र परिष्कृत किनमेल अनुभव प्रदान गर्ने उद्देश्य राखेको बताइएको छ ।

'कजारिया सदैव उच्च गुणस्तरीय उत्पादन, आधुनिक डिजाइन र भरपर्दो समाधान प्रदान गर्ने उद्देश्यमा प्रतिबद्ध छ,' तिवारीले भने, 'बँसीसहरमा नयाँ सोरूम हाम्रो पहुँच विस्तार गर्ने र लमजुङ तथा वरिपरिका क्षेत्रका ग्राहकसँग हाम्रो विश्वस्तरीय टाइल संग्रह नजिक पुऱ्याउने महत्वपूर्ण कदम हो ।'

उक्त सोरूममा कजारियाका प्रिमियम टाइल संग्रहको विस्तृत र विचारपूर्वक चयन गरिएको रेन्ज प्रदर्शनीका लागि राखिएको छ । सोरूम घरधनी, वास्तुकार, निर्माणकर्ता र ठेकेदारका लागि टिकाउ, स्टाइलिस र उच्च प्रदर्शन क्षमता भएका टाइल समाधानको मुख्य गन्तव्य बन्ने अपेक्षा गरिएको छ ।

बालेन र रवि...

छ । प्रत्यक्ष र समानुपातिक गरी संसदमा जम्मा २ सय ७५ रहने भएकाले एक्लै सरकार निर्माण गर्न एउटै दलले कम्तिमा १ सय ३८ सिट जित्नुपर्ने हुन्छ । अहिलेको अवस्थामा यो असम्भव जस्तो देखिएको छ ।

हुन त नेपालमा एउटै दलले बहुमत ल्याउदा पनि सरकार ५ वर्षसम्म टिकेको इतिहास छैन । विभिन्न समयमा नेपाली कांग्रेसले अहिलेको संविधान भन्दा अघिको संविधान अनुसार बहुमत ल्याएको थियो । तर त्यो सरकार पनि ५ वर्षसम्म टिकेन । यसकारणले प्रष्ट हन्छ कुनै दलले बहुमत ल्याएपनि त्यस्तो दलको सरकार ५ वर्षसम्म टिक्छ भन्ने ग्यारेन्टी छैन ।

नागरिकले नेताबाट होइन प्रणालीबाट जवाफ खोजिरहेका छन् । तर आजसम्म कसैले त्यसको उत्तर जनतालाई दिएको छैनन् त्यसबेला शक्ति कसरी प्रयोग हुन्छ । शक्ति कसले नियन्त्रण गर्दछ ? सरकार वा नेतृत्व असफल भए कसरी जनताप्रति जवाफदेही बनाइन्छ भनेर जनताले उत्तर खोजिरहेका छन् तर त्यसको जवाफ कसैले दिएका छैनन् ।

निर्वाचनमा उम्मेदवार भएका व्यक्तिहरूले पार्टीले होइन आ-आफ्नै तवरबाट जनतालाई आश्वासनका पोकाहरु बाँडिरहेका छन् । राजनीतिक दलहरूले आफ्नो घोषणापत्र मार्फत जनतालाई आफ्नो पार्टीको नीति, सिद्धान्त र विचार घोषणापत्रमार्फत जानकारी गराउनुपर्नेमा कुनै एक उम्मेदवारले निर्वाचन जित्नैका लागि आश्वासनका पोकाहरु बाँड्नु राजनीतिक चरित्र र दलीय व्यवस्थाकै उपहास हो ।

विगतमा पनि उम्मेदवारहरूले यस्तै आश्वासनका पोकाहरु जनतालाई बाँडेका थिए । नेपाली कांग्रेसका नेता स्व. कृष्ण प्रसाद भट्टराईले मेलम्चीको पानी, पुष्पकमल दाहालले नेपाललाई स्विजरल्याण्ड बनाउने आश्वासनका पोका बाँडेका थिए । तर पार्टीका नीतिमा यस्ता आश्वासनका पोका ओझेलमा पर्दै आएका थिए । अहिले पनि त्यस्ता आश्वासनका पोकाहरु बाँडिएको छ । खास गरेर आफ्नो निर्वाचन क्षेत्र छोडेर अन्य निर्वाचन क्षेत्रमा उम्मेदवार बनेका उम्मेदवारहरूले त्यस्ता झुठा आश्वासन बाँडिरहेका छन् ।

काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साहले आफू मेयरमा जिते काठमाडौ बासीलाई फोहर पानी लगाएका समस्या कहिल्यै नहुने प्रतिवद्धता जनाएका थिए तर ती सबै समस्या अहिले पनि रहेका र उनी अहिले झापा निर्वाचन क्षेत्र नम्वर ५ मा रास्वपाको तर्फबाट उम्मेदवार बनेका छन् । रास्वपाले उनलाई भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेको छ । बालेनले मेयरको पदावधि बाँकी हुँदाहुँदै किन संसदको उम्मेदवार बन्न झापा ५ मै पुगे ? त्यो नै रहस्यको विषय बनेको छ ।

भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वंसात्मक कार्य गर्न साहले नै जेनजीहरूलाई उक्साएका र उनैको योजनामा जेनजीहरूको विरोध प्रर्दशनलाई हाइज्याक गरेकाहरूले नै २४ गते सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपतिको कार्यालय, प्रधानन्त्रीको सरकारी निवासमा आगजनी गरे ।

सिंहदरबारमा आगजनी हुँदा काठमाडौ महानगरमा रहेका दमकल आगो निभाउने कार्यमा प्रयोग हुन साहले नै रोकेका थिए भने उनले केही समय पहिला आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए । सिंहदरबारमा आगजनी भयो तर साहलाई कुनै सोधपुछ समेत गरिएन किन ?

भाद्र २३ र २४ गते विध्वात्मक कार्यपछि भाद्र २४ गते तत्कालिन प्रधानमन्त्री केपी ओलीले राजिनामा दिए । प्रधानमन्त्रीको राजिनामापछि बालेन कुनै अँध्यारो कोठामा बसेर जेलमा रहेका रवि लामिछानेलाई जेलमुक्त गराउनुपर्ने भन्दै त्यसै अनुरूपको कार्य गर्दै थिए । रविलाई जेलमुक्त गरियो कानुन हातमा लिएर ।

भाद्र २७ गते राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको उल्लंघन गर्दै सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई साहकै सिफारिसमा प्रधानमन्त्रीमा नियुक्त गरियो भने साहकै सिफारिसमा प्रधानमन्त्री कार्कीले संसद विघटन गर्नुपर्ने सिफारिस राष्ट्रपति समक्ष गरेकी हुनाले राष्ट्रपतिले संसद विघटन गरे । यी सबै कार्यहरु साहकै निर्देशनमा भएको रहस्य अहिले खुल्दै गएको छ । साहकै सल्लाहकार ओम प्रकाश अर्याल गृहमन्त्रीमा नियुक्त भए ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरु नै अहिले सत्तामा रहेका र उनीहरूलाई सत्तामा पुऱ्याउने प्रमुख पात्र साह लगायत अन्य धेरै व्यक्तिलाई रास्वपामा प्रवेश गराउने र त्यही दलबाट संसदको उम्मेदवार बनाएर संसदमा पुऱ्याउने रणनीतिक उदेश्यका साथ भाद्र २३ र २४ गतेको घटना घटाइएको प्रष्ट हुँदै गएको छ ।

तत्कालिन ओली नेतृत्वको सरकारलाई बैधानिक रूपमा हटाउन नसकिने अवस्था देखिएपछि असम्वैधानिक रूपमा विभिन्न षड् यन्त्र गरेर षडयन्त्रकारीहरूले राष्ट्रको सम्पत्ति ध्वस्त मात्र बनाएर अहिले फेरी उनीहरु नै सत्ता हत्याउने प्रयासमा लागेर सबै विध्वसकारीहरूलाई संसदको उम्मेदवार बनाएर जनतालाई झुक्याउन लागि परेका छन् ।

बालेन, रवि लामिछाने, स्वर्ण वाग्ले जस्तो अलग अलग चरित्र भएका व्यक्तिहरूलाई एकै ठाउँमा पुऱ्याउने र एउटै पार्टीमा बस्न लगाउने व्यक्ति हो हुन ? विदेशी शक्तिहरूको खेलमा नै यस्तो कार्य भएको र तिनै विदेशी शक्तिहरूले उनीहरूलाई प्रयोग गर्दै अब सत्ता हत्याउने रणनीतिमा उनीहरु लागि परेको जस्तो देखिएको छ । त्यसै कारणले गर्दा त्यही शक्तिले बालेनलाई झापा पुऱ्याएको हो । सावधान नेपाली जनता !

ओलीको...

मच्चाउन उम्मेदवार बनेको छ । त्यसको नेतृत्व रास्वपाले गरेको छ । रास्वपाका सभापति विभिन्न सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेको भन्दै अदालतको आदेशमा जेलमा रहेका थिए । भाद्र २४ गते उनलाई भिडतन्त्रले जेलमुक्त गराएर प्रधानमन्त्री बनाउनुपर्ने उदघोष गरे ।

भाद्र २४ गते सिंहदरबार, सर्बोच्च अदालत, राष्ट्रपति कार्यालय, संसद भवन लगायत धेरै सरकारी भवनहरूमा आगजनी गरियो । त्यसरी आगजनी गर्नेहरु सबै अहिले रास्वपाका उम्मेदवार रहेका र सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका बालेन साह समेत रास्वपामा प्रवेश गरेर रास्वपाको वरिष्ठ नेता हुँदै झापा ५ बाट प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवार बनेका छन् । उनलाई रास्वपाले भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेको छ ।

बालेन काठमाडौ महानगरका मेयर रहेका र उनी झापा ५ बाटै निर्वाचन लड्ने उद्घोष गर्नुको पछाडिको रहस्य के थियो ? बालेनले एमाले अध्यक्ष केपी ओली निर्वाचन लड्दै आएको क्षेत्रमै निर्वाचन लड्न जानुको रहस्य के हुन सक्छ ? यो त विस्तारै खुल्दै जाला तर रास्वपाले उम्मेदवार बनाएका ६० प्रतिशत भन्दा बढी व्यक्तिहरु भाद्र २३ र २४ गतेको आन्दोलनमा सरिक भएका व्यक्तिहरु हुन् र उनीहरूको वितण्डलाई जनताले देखेको हुनाले अहिले त्यसलाई ढाकछोप गर्न उनीहरु केपी ओलीप्रति गोली गलौजमा उत्रिएका छन् । त्यसैले प्रष्ट हुन्छ केपी ओली सच्चा देशभक्त रहेछन् भनेर ।

त्रिभुवन...

नलिएको उनको भनाइ छ ।

निर्वाचन आचारसंहिता लागु भइसकेको हालको अवस्थामा यस्ता प्रकृतिका कार्यक्रम गर्न बन्देज रहेको तथा यस प्रकारका कार्यक्रममा निर्वाचनविरोधी भनिएका समूह समेतको घुसपैठ हुनसक्ने उनले बताएकाम छन् ।

विज्ञप्तिमा भनिएको छ, 'आसन्न निर्वाचनको सन्दर्भ, फागुन ३ गतेको महाशिवरात्रि पर्वको व्यवस्थापन, धार्मिक एवम् साँस्कृतिक आस्थाको सम्मान गर्दै उक्त पर्वलाई भव्य रूपमा सम्पन्न गर्न, अन्तर्राष्ट्रिय विमानस्थल जस्तो अत्यन्त संवेदनशील स्थान र आसपासको क्षेत्र समेतको सुरक्षालाई मध्यनजर गर्दै, विमानस्थलसम्म आवतजावत गर्ने यात्रुहरूको सहज आवागमनलाई सुनिश्चित गर्ने गरी कुनै प्रकारको जुलुस, प्रदर्शन, हडताल, ऱ्याली, भेला जम्मा हुने जस्ता कार्यहरु नगर्न, नगराउन, सामाजिक सञ्जालका माध्यमबाट यस प्रकारका कार्यहरूलाई प्रेरित गर्ने वा उक्साउने जस्ता गतिविधि नगर्न, नगराउन जानकारी गराइएको छ ।'

निषेधित र संवेदनशील क्षेत्रमा यस प्रकारका कानून विपरीतका कार्यहरूमा संलग्न हुने जो सुकैलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने चेतावनीसमेत उनले दिएका छन् ।

संयुक्त...

बाँकी रकमको आंशिक भुक्तानी गर्ने योजना बनाइरहेको छ । यस विषयमा महासचिव गुटेरेस र अमेरिकी अधिकारीहरूबीच निरन्तर सम्पर्क भइरहेको संयुक्त राष्ट्रसंघले जनाएको छ । महासचिव गुटेरेसका अनुसार यदि आवश्यक रकम समयमै प्राप्त भएन भने, यस वर्ष जुलाईसम्म नियमित बजेट सकिन सक्ने र यसले सङ्गठनका गतिविधिमा गम्भीर असर पार्न सक्ने सम्भावना छ ।

संयुक्त राष्ट्रसंघका अधिकारीहरूले नियमित बजेटतर्फको अधिकांश बक्यौता अमेरिकाकै हिस्सामा रहेको बताएका छन् । हालसम्म करिब ६० देशले तोकिएको समयभित्र आफ्नो वार्षिक शुल्क भुक्तानी गरिसकेका छन् ।

प्रीयतावाद...

दल रहेको थियो भने नेकपा एमाले दोस्रो ठुलो दल रहेको थियो । तेस्रो ठुलो दल माओवादी केन्द्र रहेको भएपनि जेननजीहरूको विरोध प्रदर्शन र २४ गतेको विध्वसात्मक घटनापछि माओवादी केन्द्रले आफ्नो पार्टीको नाम बदलेर नेपाली कम्युनिष्ट पार्टी बनाएको छ भने सो पार्टीमा तत्कालिन एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपालले आफ्नो नेतृत्वको पार्टीलाई नेपाली कम्युनिष्ट पार्टीमा विलय गराएका भएपनि एकीकृत समाजवादी पार्टीमा रहेका आधा भन्दा बढी मानिसहरु नेपाली कम्युनिष्ट पाटमिा समाहित भएन र अन्य केही नाम मात्रमा स साना पार्टीहरु समेत नेपाली कम्युनिष्ट पार्टीमा प्रवेश गरेका भएपनि उनीहरूको कुनै हैसियत देखिँदैन ।

पछिल्लो समयमा रास्वपामा प्रवेश गर्नेहरूको भिड नै लागेको छ । काठमाडौ महानगरका मेयर बालेन साह समेत रास्वपामा प्रवेश गरेर रास्वपाको वरिष्ठ नेता बनेका छन् भने उनलाई झापा ५ बाट उम्मेदवार बनाएर रास्वपाले भावि प्रधानमन्त्रीका उम्मेदवार घोषणा गरेपछि भाद्र २३ र २४ गते भएको विध्वसात्मक कार्यमा संलग्न भएका प्रायः सबै व्यक्तिहरूलाई रास्वपाले उम्मेदवार बनाएको हुनाले यस पटकको निर्वाचन प्रियतावादको घुम्टो ओडेर अवसर छोप्न कस्सिएकाहरु र लामो समयदेखि राजनीति गर्दै अनुभवले खारिएका व्यक्तिहरूबीचको लडाई जस्तै देखिएको छ ।

रास्वपाले नेकपा एमाले र त्यसका अध्यक्ष केपी ओलीलाई जसरी पनि पराजित गर्नुपर्ने बताउँदै आएको हुनाले रास्वपा नेकपा एमालेसँग कति डराएको रहेछ भन्ने प्रष्ट हुँदै गएको छ । रास्वपाका सभापति नै सहकारी ठगी सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेका व्यक्ति भएकाले उनीमाथि विभिन्न जिल्लामा मुद्दाहरु विचाराधिन रहेको अवस्थामा त्यसबाट उम्किनका लागि उनले बालेनको प्रियतावादलाई प्रयोग गरिरहेका छन् । त्यसको परिणाम त निर्वाचनले नै देखाउनेछ ।

२०७९मा...

एक्लै बहुम ल्याउन सक्ने अवस्था देखिएको छैन भने राष्ट्रियसभामा समेत कसैको दुई तिहाई मत नरहेको हुनाले यो संविधान संशोधनको मुद्दा पनि हावादारी नै ठहरिन सक्छ ।

घोषणापत्रमा ५ वर्ष भित्रमा प्रत्येक नेपालीको घरमा सफा पिउने पानी पुऱ्याउने उल्लेख गरिएको छ तर अहिले उपत्यकामै सफा पिउने पानी जनताले खान पाएका छैनन् । त्यसैगरी ५ वर्ष भित्रमा २० वटा शहरलाई स्मार्ट सिटि बनाईने उल्लेख गरिएको छ भने अन्य धेरै यस्ता विवादित र ठुलो मात्रामा रकम खर्च हुने योजना अघि सारिएको भएपनि ती योजनाहरु पूरा गर्न आर्थिक स्रोत कसरी व्यवस्था गर्ने भन्ने कहि कतै उल्लेख नगरिएको हुनाले पुष्पकमल दाहाल नेतृत्वको पार्टीले सार्वजनिक गरेको घोषणापत्र पनि कागजमै सिमित हुने प्राय निश्चित जस्तै रहेको छ । तर जनालाई झुक्याउन खप्पिस रहेका दाहालले आफ्नो नेतृत्वको पार्टीको नाम पटक पटक बदलेर जनतालाई झुक्याउँदै आएका हुनाले फेरी जनतालाई झुक्याउनैका लागि महत्वकाक्षी घोषणपत्र सार्वजनिक गरेका छन् ।

यो निर्वाचनमा...

गालीको बर्षा बर्साउन लागि परेको छ । के पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले सहितका दलहरूको औचित्य सकिएको हो त ? अवश्य होइन । यिनै पुराना दलहरूले नै मुलुकलाई यहाँसम्म ल्याएका हुन् । उनीहरूको इतिहास रहेको छ । उनीहरूले विभिन्न समयमा ठुला ठुला आन्दोलन गरेर लोकतान्त्रिक अवस्थामा मुलुकलाई पुऱ्याएका हुन् । तर अहिले गठन भएका राजनीतिक दलहरूले उनीहरूको औचित्य समाप्त भएको दाबी गर्दै आएका भएपनि त्यसमा कुनै सत्यता देखिँदैन । राजनीतिक, राज्य र राजकाजलाई नागरिकप्रति उत्तरदायी, जवाफदेही र जिम्मेवार बनाउनु नै हो । व्यक्ति होइन नीतिलाई बलियो बनाउनु नै हो । र त्यसको पक्षमा उभिनु हो । यदि त्यसो हुँदैन भने यो निर्वाचनले पनि होहल्ला र भ्रमलाई नै स्थापित गराउने प्रायः निश्चित जस्तै देखिएको छ । कुनै नीति, सिद्धान्त र विचार नै नभएका व्यक्तिलाई देवत्वकरण गर्दै भावि प्रधानन्त्रीको उम्मेदवार घोषणा गरिनुले प्रष्ट हुन्छ अबको राजनीतिमा देवत्वकरण र होहल्ला अनि गाली गलौजकै रूपमा परिणत हुन सक्ने सम्भावना बढेर गएको छ भनेर ।

यो निर्वाचनमा पुराना दलका नेताहरु विरूद्ध नयाँ अनुसहारका नेताहरु मैदानमा रहेका छन् । अहिले नयाँ दलका उम्मेदवारहरूले हो हल्ला, अपवाह र सामाजिक सञ्जालको ट्रेन्डले मान्छेको अनुहारलाई बेचिरहेका छन् । जहाँ राजनीतिक एजेण्डा नै कतै छैन । यो निर्वाचनको सबै भन्दा कमजोरी पक्ष भनेको प्रियतावादहरु मैदानमा भिड्न तयार गरिएका छन् अनि नयाँ र पुरानाबीचमा व्यापक ध्रुवीकरण गर्न खोजिएको छ । पुराना दलका समर्थकहरूलाई निरूत्साहित गरिँदैछ । असल राजनीतिको बहस कतै छैन । यी सबै कारणहरूले गर्दा अहिलेको निर्वाचनले समेत मुलुकका समस्याहरु समाधान गर्न सक्ने अवस्था देखिँदैन ।

सत्ता स्वार्थका...

प्रियतावादको हावी भएको छ । रास्वपाले आफ्ना सभापति रवि लामिछानेलाई तत्कालिन केपी ओली नेतृत्वको सरकारले प्रतिशोध लिएर विभिन्न मुद्दामा जेल हालेको उद्घोष गरेर कानुनी राज्यलाई उपहास गर्दै आएको छ । लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेको भनेर अदालतको आदेशमा जेल पुगेका हुन ।

लामिछाने सहित धेरै व्यक्तिहरूले त्यस्ता मुद्दा खेपिरहेका छन् भने अहिले पनि केही व्यक्तिहरु फरार रहेका र केही जेलमा रहेका छन् । तर उनीहरूका बारेमा रास्वपा मौन रहेको छ भने लोमिछानेको बारेमा मात्र उ बोलिरहेकाले रास्वपाले लामिछानेलाई प्रियतावादको नाममा देवत्वकरण गरिरहेको छ ।

भाद्र २३ गतेको विरोध प्रदर्शन र २४ गतेको विध्वसात्मक कार्यपछि लामिछानेलाई जेलमुक्त गराएर उनैलाई प्रधानमन्त्री बनाउने उद्घोष रास्वपाका नेताहरूले गरेका थिए । तर काठमाडौ महानगरका तत्कालिन मेयर बालन साह लगायतका अन्य केही व्यक्तिहरूकै योजनामा विरोध प्रदर्शन भएको र त्यही विरोध प्रदर्शनलाई हाइज्याक गरेकै व्यक्तिहरूले विध्वसात्मक कार्य गरेको पुष्टि मात्र भएको छैन । विध्वसात्मक कार्य गर्नेहरूसहित बालेन साह रास्वपाका वरिष्ठ नेता बनेका र उनी सहितका धेरै व्यक्तिहरु रास्वपाको तर्फबाट संसदको निर्वाचनमा उम्मेदवार बनेका हुनाले उनीहरूको स्वार्थकै लागि भाद्र २३ र २४ गतेको घटना घटाईएको पुष्टि हुँदैन र ?

कानुनी शासनको खिल्ली उडाउँदै विध्वसात्मक कार्य गर्नेहरूले नै संसद कब्जा गर्ने उद्घोष अहिले पनि गरिरहेका र उनीहरूले भिडतन्त्र जम्मा गरेर साहलाई देवत्वकरण गर्नुको पछाडिको रहस्य के ? तत्कालिन मेयर साहलाई रास्वपाले आफ्नो पार्टीमा प्रवेश गराएर साहको लोकप्रियतालाई संसद कब्जा गर्ने हतियारका रूपमा प्रयोग गरेको हुनाले यस पटकको निर्वाचनले केबल प्रियतावाद जन्माउने र कसैलाई देवत्कवरण गर्नु बाहेक अन्य केही गर्न सक्ने सम्भावना न्यून रहेको छ । जिम्मेवार राजीतिक दलहरूले कसैलाई देवत्वकरण गर्दैनन् र ऊ जनताप्रति जिम्मेवार हुन्छ भने सिद्धान्तलाई रास्वपाले धज्जी उडाएको छ केलब सत्ता स्वार्थका लागि ।

निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्द कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौ • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार